छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

विवाह पवित्र बन्धन हो, विवाहलाई लेनदेनको विषय नबनाऔं, विवाहमा दाईजो लिने र दिने काम नगरौं, दाईजोको कारण हुने हिंसा अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २६ • अंक २८५ • २०८१ साल फाल्गुन २७ गते मंगलबार (11 March, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## पार्टीभित्र प्रश्न उठाउनेलाई कारबाही

**टुडे समाचारदाता**

जनकपुरधाम। आफ्नै पार्टीभित्र प्रश्नहरुको सामना गर्न नसकेका जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले पदाधिकारी माथि नै कारबाही थाल्दा असन्तुष्टि तीव्र रुपमा बढेको छ।

जनमतका अध्यक्ष डा. राउतले पार्टीमा आलोचना गर्नेलाई कारबाही गर्न थालेपछि असन्तुष्ट पक्षलाई एक पछि अर्को गरी स्पष्टीकरण सोध्नेदेखि हटाउनेसम्मको रणनीति लिएका छन्।

आइतबार र सोमबारसम्म महोत्तरीको बर्दिवासमा केन्द्रीय समितिको बैठक बस्नु अघि नै अध्यक्ष राउतले उपाध्यक्ष एवं अनुशासन समितिको संयोजक ई. दीपक साह र कोषाध्यक्ष सुरेन्द्रनारायण यादवलाई स्पष्टीकरणसहित निलम्बन गरे।

कैलाश महतो, डा.रवीन्द्र यादव, जासर यादव लगायतका नेताहरु निष्कासनमा परेका छन् भने उपाध्यक्ष अब्दुल खानलाई समेत स्पष्टीकरण सोधिए पनि गोप्य राखिएको छ। त्यस्तै केन्द्रीय सदस्य शम्भु साहलाई पनि स्पष्टीकरण सोधिएको छ।

पार्टी भित्र देखिएको स्वेच्छाचारी प्रवृत्तिका कारण उपाध्यक्ष ई. बसन्त कुशवाहासमेत केन्द्रीय समितिको बैठकमा उपस्थित नभएको स्रोतको भनाइ छ।

### जसपा नेपालमा असन्तुष्ट फकाउने चाल

# ३ पदाधिकारी सहित ११ कार्यकारिणी सदस्य थपिने

**टुडे समाचारदाता**

जनकपुरधाम। जनता समाजवादी पार्टी (जसपा) नेपालले असन्तुष्टहरुलाई फकाउन 'चाल' चलेको छ। पार्टीका असन्तुष्ट नेताहरुले साथ छाड्न सक्ने संकेत पाएका अध्यक्ष उपेन्द्र यादवले पदाधिकारी र कार्यकारिणी सदस्य थप्ने प्रक्रिया थालेको बताइन्छ। केन्द्रीय पदाधिकारी र कार्यकारिणी समिति सदस्य थप गर्ने भएको छ।

गत हप्ता सम्पन्न पार्टीको केन्द्रीय समितिको बैठकले पार्टीको विधान २०८० को 'धारा १३९ बाधा अड्काउ फुकाउ' प्रयोग गरी पदाधिकारी र कार्यकारिणी सदस्य थप गर्न विधानको धारा २९ को उपधारा ३ संशोधन गरेको पार्टीका प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

सर्लाही जिल्लाका निवर्तमान सांसदसमेत रहेका युवा नेता प्रमोद कुमार साहले आफूलाई उपेक्षित महसुस गर्दै जसपा नेपाल छाडेर माओवादी केन्द्रमा प्रवेश गरेका छन्। विद्यार्थी राजनीतिबाट मधेश अधिकारका लागि लड्दै संसदसम्म पुगेका साहले पार्टी परित्या गर्दा जसपा नेपाललाई ठूलै झट्का लागेको बताइन्छ।

पार्टीका अन्य असन्तुष्ट नेताहरु पलायन गर्ने जोखिमलाई न्यून गर्न अध्यक्ष यादवले पदाधिकारी कार्यकारिणी समिति बढाउने प्रचार गराएको कतिपय नेताको बुझाइ छ।

तर प्रचार प्रमुख बस्नेतले जातीय, सामुदायिक तथा लैंगिक समावेशीतालाई आधार मानी पदाधिकारी तथा कार्यकारिणी सदस्य थप गर्न लागिएको दाबी गरेका छन्। संशोधित विधानअनुसार जसपा नेपालले थप दुई जना उपाध्यक्ष र एक महासचिव तथा ११ जना केन्द्रीय कार्यकारिणी सदस्य थप गर्ने उनले बताए।

संशोधित धारा २९ को उपधारा ३ अनुसार संघीय परिषद् अध्यक्ष, केन्द्रीय समिति अध्यक्ष, वरिष्ठ नेता, सहअध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, सचिव, कोषाध्यक्ष र केन्द्रीय समितिबाट निर्वाचित २१ जना सदस्य रहने गरी केन्द्रीय कार्यकारिणी समिति गठन हुने भएको उनले बताए। पदाधिकारी र कार्यकारिणी सदस्य थप गर्न केन्द्रीय समितिले सैद्धान्तिक सहमति प्रदान गरेको उल्लेख गर्दै महासचिव रामकुमार शर्माले भने, तर सबै प्रक्रिया पूरा गर्न निकै समय लाग्ने छ।

महाधिवेशनले पारित गरेको विधानको धारालाई बाधा अड्काउ फुकाउने धारा टेकेर केन्द्रीय समितिले सैद्धान्तिक सहमति दिएकोले प्रक्रिया अगाडि बढाउन बाटो खुलेको शर्माले जनाए। 'पार्टीमा पदाधिकारी थपघटको प्रक्रिया चलिरहने विषय हो' उनले भने, आवश्यकता अनुसार त्यो फेरि थपघट हुन सक्छ।

प्रदेश सांसदसमेत रहेका जसपा नेपालका प्रवक्ता मनिष सुमनले केन्द्रीय समितिको २ सय ४३ उम्मेदवार हुन पाउने र उनीहरु नै मतदाता रहेकाले पूर्ण लोकतान्त्रिक प्रक्रियाबाट ११ जनाको चयन गरिने बताए।

> थपिने पदाधिकारीहरुसँगै उपाध्यक्षको संख्या ७ र महासचिवको संख्या तीन पुग्ने छ। राजकिशोर यादव, मृगेन्द्र सिंह यादव, गोविन्द चौधरी, शिवलाल थापामगर र विद्युत बज्राचार्य छन्। महासचिवमा राम कुमार शर्मा र पूर्वमुख्यमन्त्री लालबाबु राउत रहेका छन्।



विधानमा नै केन्द्रीय सदस्यहरु मध्येबाट उल्लेख रहेकाले थप हुने कार्यकारिणी सदस्यहरुमा को को थपिने भन्ने यकिन गर्न नसकिने सुमनले बताए। तर पदाधिकारीहरुको चयन भने सहमतिबाट नै हुने उनको कथन छ।

उच्च स्रोतहरुका अनुसार पार्टीको उपाध्यक्षद्वयमा मधेश प्रदेशका निवर्तमान मुख्यमन्त्री सरोजकुमार यादव र महोत्तरीका नेता पूर्वमन्त्री हरिनारायण यादव मनोनित हुने निश्चित छ। त्यसैगरि महासचिवमा प्रकाश अधिकारी मनोनयन हुने बलियो सम्भावना छ। थपिने पदाधिकारीहरुसँगै उपाध्यक्षको संख्या ७ र महासचिवको संख्या तीन पुग्ने छ। राजकिशोर यादव, मृगेन्द्र सिंह यादव, गोविन्द चौधरी, शिवलाल थापामगर र विद्युत बज्राचार्य छन्। महासचिवमा राम कुमार शर्मा र पूर्वमुख्यमन्त्री लालबाबु राउत रहेका छन्।

महाधिवेशनमा उम्मेदवारी दिए पनि अध्यक्ष यादवले मतदानलाई रोकेर पदाधिकारी मनोनित गर्दा अधिकांश नेताहरु छुटेका थिए।

त्यसपछि पार्टीमा देखिएको तीव्र असन्तुष्टिलाई समान्य गर्न अध्यक्ष यादवले पदाधिकारी बनाउने आश्वासन दिएका थिए। गत जेठ महिनाको अन्तिम हप्तामा सम्पन्न एकताको प्रथम राष्ट्रिय महाधिवेशनलाई निर्वाचन आयोगले हालसम्म मान्यता दिएको छैन। महाधिवेशनबाट चयन भएका पदाधिकारी र केन्द्रीय समितिको नाम समावेश गरी निर्वाचन आयोगले अध्यावधिक गर्न अझै बाँकी नै छ।

पार्टी विभाजन विरुद्ध जसपा नेपालका अध्यक्ष यादवले सर्वोच्च अदालतमा दायर गरेको मुद्दा विचाराधीन छ। सर्वोच्च अदालतको फैसलापछि पार्टीको अवस्था कस्तो हुने त्यो प्रतीक्षाको विषय हो।

सरकारद्वारा सदनमा हालै पेश भएको ६ वटा विधेयक मध्ये भूमिसम्बन्धी विधेयकविरुद्ध अडान लिएर स्थगन गराउन जसपा नेपाल सफल भएपछि राजनीतिक उचाइ बढेको छ।

जसपा नेपालले संघीय सरकारलाई बाहिरबाट समर्थनग गरिरहेको छ। प्रदेश र संघीय सरकारमा लामो समयदेखि जसपा नेपाल छैन।

माओवादीले तराई-मधेश जागरण अभियान अन्तर्गत जसपा नेपाललाई धक्का दिएको छ। त्यसको कारण पार्टी भित्रको असन्तुष्टि रहेको बताइन्छ। पदाधिकारी थप गर्न विधान संशोधन गरिए पनि त्यसको कार्यान्वयन चाँडै हुने सम्भावना भने नरहेको कतिपय पदाधिकारी र केन्द्रीय सदस्यहरुले बताएका छन्।






# महिलालाई समानुपातिक निर्वाचन क्षेत्र आरक्षण गर्नुपर्छः सांसद सापकोटा



काठमाण्डु । राष्ट्रियसभाको सदस्य भएको एक वर्ष भयो । जनताको पक्षमा काम गर्नका लागि राष्ट्रियसभा उत्कृष्ट थलो रहेछ । राष्ट्रियसभामा मैले महिलाअधिकारका पक्षमा पटकपटक आवाज उठाएको छु । हाम्रो देशमा अहिले पनि महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छैन, महिला हिंसा र विभेद बढ्दो छ । बालिका बलात्कार र यौनजन्य हिंसाका घटनाका समाचार दिनहुँ आइरहेका छन् । महिलाहरु आत्महत्या गर्न विवश छन् । जबसम्म महिलाहरु नेतृत्व तहमा आउँदैनन्, तबसम्म महिला हिंसा रोकिँदैन भन्ने लाग्छ । खासमा निर्णायक तहमा नेपाली महिलाहरु पुगेकै छैनन् । महिला हिंसामा संलग्नलाई कानुनअनुसार कडा कारबाही हुनुपर्छ । उनीहरुलाई कुनै पनि राजनीतिक संरक्षण हुनुहुँदैन ।

संविधानलाई टेकेर केही कामहरु अगाडि बढाइएको छ । तर संविधानमा लेखेको विषय जति कार्यान्वयन हुनुपर्ने थियो, त्यति हुन सकेको छैन । संविधानमा भएका व्यवस्था कार्यान्वयन गर्ने हो भने देशका धेरै समस्या समाधान हुन्थ्योजस्तो लाग्छ । तथापि संविधान संशोधन गर्नुपर्ने आवश्यकता देखिएको छ किनभने संविधानमा रहेका कतिपय प्रावधानले राजनीतिक स्थायित्वमा नै प्रश्न उठ्न थालेका छन् । जस्तै, निर्वाचन प्रणाली असाध्यै महँगो भयो । त्यसलाई संशोधन गर्नुपर्ने आवश्यकता छ । तर संविधानमा व्यवस्थित समानुपातिक प्रणालीलाई भने हटाउनु हुँदैन । त्यही समानुपातिक प्रणाली भएका कारण महिला, मधेसी, दलित, जनजाति संसद्सम्म पुग्न पाएका छन् । बरु महिलालाई समानुपातिक निर्वाचन क्षेत्र आरक्षण गर्नुपर्छ । संविधान संशोधन गर्दा महिलाको अधिकार कटौती गरिनुहुँदैन ।

देशमा सुशासनको लागि सरकार अलि कडा रुपमा प्रस्तुत हुनुपर्ने देख्दैछु । स्थायी सरकार भनेको कर्मचारी हो । मुख्यगरी कर्मचारी इमान्दार हुनुपर्छ सुशासनको लागि।राजनीतिक दलका नेता इमान्दार हुनुपर्छ । कर्मचारीले जनतालाई सास्ती दिनुहुँदैन । विदेशिएका युवाशक्तिलाई देशभित्रै फर्काउनका लागि सरकारले उद्योग खोलिदिनुपर्छ। उद्योग,कलकारखाना खोल्ने वातावरण सरकारले बनाउनुपर्छ । एउटा नेपाली युवा देशभित्रै केही गर्छु भनेर स्वदेश फर्किएको हुन्छ, तर देशभित्र वातावरण नै हुँदैन । सरकारको तल्लो तहदेखि माथिल्लो तहसम्म जनताले केही काम गराउनका लागि खुलेआम घुस दिनुपर्ने बाध्यात्मक अवस्था छ । घुस लिने कर्मचारीलाई सरकारले कारबाही गर्न सक्नुपर्छ । कानुनी राज्य निर्माण गर्न सकियो भने सुशासन कायम हुन्छ । कानुन सबै नराम्रा छैनन् । धेरै राम्रा कानुन पनि छन् । तर हामीले ती कानुनलाई अनुशरण गर्न गरेका छैनौं ।

सङ्घीयतालाई बलियो बनाउनका लागि सबैभन्दा पहिला स्थानीय सरकारलाई बलियो बनाउनुपर्छ । स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाउनुपर्छ । स्थानीय तहलाई अझै फराकिलो बनाउनुपर्छ । अहिले स्थानीय तहको सङ्ख्या पनि धेरै छ । अब संविधान संशोधन गर्दा दुईवटा पालिकालाई गाभेर एउटै बनाउनुपर्छ। कतिपय ठाउँमा सानासाना पालिका छन् । तिनीहरुलाई एउटै बनाएर बरु अधिकार बढाउनुपर्छ । स्थानीय तह भनेको जरा हो ।

जरा बलियो भएको खण्डमा रुख बल्ल बलियो हुन्छ । स्थानीय तह भनेको रुखको जरा हो । त्यसैले हामीले स्थानीय तहलाई बलियो बनाइयो भने सङ्घीयता पनि बलियो हुन्छ । सानासाना उद्योग खोल्ने अधिकार स्थानीय तहलाई पनि दिनुपर्छ । योसँगै स्थानीय तह आत्मनिर्भर हुन पनि जरुरी छ । स्थानीय तहको आम्दानीको बाटो खोज्नुपर्छ । स्थानीय तह आफैँले आम्दानी गरेर आफैँले खर्च गरोस् । सानो काम गर्दा पनि सङ्घीय सरकारको भर पर्नुपर्ने हुनुहुँदैन । सामान्य गाउँको बाटो बनाउन, विद्यालय बनाउँदा, स्वास्थ्य कार्यालय बनाउँदा सङ्घीय सरकारको भर पर्नुहुँदैन स्थानीय सरकार ।

आज धेरैले प्रदेश सरकारमाथि प्रश्न गरिरहेका छन् । प्रदेश सरकार घाँडो भयो भनिरहेका छन् । अनाहकमा राज्यको खर्च बढ्यो भनिरहेका छन् ।रासस

# सिटिजन्स बैंक र ईलाइट डेन्टल स्टुडियो बीच समझदारी

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र सामाखुशी काठमाडौं, स्थित ईलाइट डेन्टल स्टुडियो बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारी पत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक, प्रिभिलेज कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले ईलाइट डेन्टल स्टुडियोमा १५ आकर्षक छुट पाउनेछन् ।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द ईयर २०२४को उपाधि प्राप्त गर्न सफल भएको बैंकले केही समय अघि मात्र फोनपे सँगको सहकार्यमा नेपालमै पहिलो पटक "सिटिजन्स फोनपे क्रेडिट कार्ड" ९भर्चुअल क्रेडिट कार्ड० सञ्चालनमा ल्याएको छ साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र सीआरएन नम्बर सेवा लिन सकिने सुबिधा पनि




हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साह गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार ल्याएको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६० जिल्लामा फैलिएका आफ्ना १९९ वटा शाखा, १६५ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरुबाट १८ लाख ५० हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।

# चिनी उद्योगलाई फागुनमै उखु अभाव

महोत्तरी । एक दशकअघिसम्म वैशाखसम्म चिनी उच्पादन गर्ने उद्योगलाई अहिले फागुनमै उखु अभाव खेप्नु परेको छ । महोत्तरीको गौशाला-१ रामनगरस्थित एभरेष्ट सुगर ऐण्ड केमिकल इण्डष्ट्रिज (बोलीचालीमा एभरेष्ट चिनी उद्योग, एभरेष्ट चिनी मिल) लाई यसपालि क्रसिङ व्यस्त हुनपर्ने फागुनमै उखु अभाव खेप्नु परेको छ ।



एक दशकअघिको तुलनामा खेती निकै घटेपछि उद्योगमा चाँडै उखु अभाव भएको हो । एकदशक अघि जिल्लामा १५ हजार बिघा नाघेको उखुखेती पछिल्ला चार/पाँच वर्षयता ओरालो लाग्दै अब आठ हजार बिघाको सेरोफेरोमा आएको छ । यो पनि पछिल्ला तीन वर्षयता उद्योगले उखुको भुक्तानी क्रमशः सहज बनाउँदै लगेपछि बढेको खेतीले अहिले आठ हजार बिघा पुगेको उखु उत्पादक किसान सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवावाहा बताउनुहुन्छ । तीन वर्षअघि जिल्लामा खेती झरेर पाँच हजार बिघामा ओर्लेको कुशवाहा सम्झनुहुन्छ ।

"उखुको उचित मूल्य नपाउँदा र भुक्तानी पनि वर्षौं पर्खनुपर्दा किसान आजित भएर खेती छोड्दै गएका हुन्", कुशवाहा भन्नुहुन्छ, "पछिल्ला तीन वर्षयता उद्योगले भुक्तानी सहज बनाएपछि केही बढेर अहिले आठ हजार बिघाको सेरोफेरोमा खेती पुगेको हो ।" यद्यपि मूल्य उचित तरिकाले नतोकिँदा किसानको मन मरेको उहाँको भनाइ छ ।

वैशाखसम्म उखु क्रसिङ् हुने उद्योगमा अहिले फागुनमै उखु अभावले पूर्ण क्षमतामा क्रसिङ् हुनसकेको छैन । यसपालि गत मङ्सिर २६ गते क्रसिङ् सुरू भएको उद्योगमा 'नो क्यान' (उखु अभाव) ले कैयौँ दिन क्षमता घटाएर क्रसिङ् गर्नुपरेको उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्ला बताउनुहुन्छ । "हामीले उखु नपुगेर यसबीचमा २३ दिन क्षमता घटाएर क्रसिङ् गरेका छौँ, यस अवधिमा एक सय ३५ घण्टा उत्पादन रोक्नुपरेको छ", शुक्ला भन्नुहुन्छ, "आजभोलि तीन दिन उखु जम्मा गरेर रातको समयमा १० घण्टाजति मात्र चिनी उत्पादन गर्दै आएका छौँ ।

" किसानलाई चाँडै उखु दिन सार्वजनिक अपिल नै गरिए पनि खासै आपूर्ति बढ्न नसकेको उहाँको भनाइ छ ।"

फागुनमै उद्योगलाई उखु अभाव हुनुमा खेती घट्नु, किसानले उखु आफैं पेल्नु र विभिन्न जिल्लाका उद्योगले उखु खरिद गरेर लानु मुख्य कारण हुन् । सङ्घका अध्यक्ष कुशवाहा भने मुख्य कारण खेती घट्नुलाई मान्नुहुन्छ । "मुख्य कुरा खेती घट्नु नै हो, चिनीको मूल्य, खेतीको लागत र विभिन्न सामानको मूल्यवृद्धिको अनुपात मिलाएर उखुको मूल्य निर्धारण हुँदैन", कुशवाहा भन्नुहुन्छ, "यसपालि हामीले उखुको मूल्य न्यूनतम रू सात सय ५० हुनपर्ने माग गरेका थियौँ, तर सरकारले गत वर्षको मूल्यमा प्रति क्वीन्टल २० रूपैयाँमात्र बढाएर झारा टारेको छ, यसले खेतीमा किसानको उत्साह जाग्न सकेन ।" गत वर्ष उद्योगले दिने उखुको मूल्य रू ५६५ प्रति क्विन्टल थियो । यसबाहेक सरकारले प्रति क्विन्टल रू ७० को अनुदानबापत दिनेछ ।

उखुको मूल्य निर्धारण गरिँदा कमसेकम अहिलेको मूल्यवृद्धिलाई र चिनीको बजार मूल्यलाई ख्याल गरिनुपर्ने किसानको माग छ । यस्तो हुन नसक्दा किसान र उद्योग दुवै मर्कामा पर्दै आएका कुशवाहाको भनाइ छ । उखुखेतीका लागि जिल्लाको अधिकांश भागको माटो र हावापानी उपयुक्त भए पनि मूल्यकै कारण किसानले खेती बढाउन जाागर नदेखाएका उहाँको ठम्याइ छ ।रासस

# गैरसरकारी संस्थालाई नियमन र सहजीकरण गर्न कानुनी व्यवस्थाको माग

काठमाण्डु । गैरसरकारी संस्थालाई नियमन र सहजीकरण गर्ने कानुनी व्यवस्था गर्न गैरसरकारी संस्था महासङ्घ नेपालले सरकारको ध्यानाकर्षण गराएको छ ।

गैसस महासङ्घद्वारा सोमबार राष्ट्रिय सभागृहमा आयोजित राष्ट्रिय नागरिक सम्मेलनमा महासङ्घका अध्यक्ष रामप्रसाद सुवेदीले गैरसरकारी संस्थाको दर्ता तथा नियमनका लागि चाँडोभन्दा चाँडो स्पष्ट कानुन निर्माणका लागि सरकारसँग आग्रह गर्नुभयो ।

"व्यक्तिगत रूपले गणतन्त्र आएको थाहा पाएका छौँ । नागरिक सङ्गठनको हिसाबले गणतन्त्र आएको अनुभूति गर्न सकेका छैनौँ," अध्यक्ष सुवेदीले भन्नुभयो, "सङ्गठन चलाउने र भेला हुने संविधानमा व्यवस्था गरिएको मौलिक हकमैत्री कानुनका लागि माग गर्दछु ।"

गैरसरकारी संस्थाहरूले स्थानीय तह र प्रदेशमा संस्था दर्ता गर्नुपर्दा दोहोरोपनादेखि विभिन्न किसिमका कर तिर्न बाध्य भएको गुनासो गर्दै आएका छन् । स्पष्ट कानुनको व्यवस्था नहुँदा दोहोरोपना, अस्पष्टता र झन्झट बेर्होन परेको गुनासो गरिरहेका उनीहरूले यसले सरकारसँग साझेदारी गर्न इच्छुक अन्तरराष्ट्रिय गैससमेत हतोत्साहित भइरहेको बताउँदै आएको छ । सम्मेलनमा महासङ्घका अध्यक्ष सुवेदीले सामाजिक उद्यमशीलतामार्फत समृद्धिमा योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यसका लागि वातावरण सृजना गर्न उहाँले सरकार र राजनीतिक दलहरूको ध्यानाकर्षण गराउनुभयो। "उद्यमशील बन्न चाहन्छौँ, हामी रोजगार सृजना गर्न चाहन्छौँ । उत्पादनमा जोड दिन्छौँ, समृद्धिमा योगदान पुऱ्याउँछौँ । कमाएको आम्दानीबाट राज्यका प्राथमिकताका सामाजिक क्षेत्रमा काम गर्न चाहन्छौँ," अध्यक्ष सुवेदीले भन्नुभयो ।




सो अवसरमा उपस्थित राजनीतिक दल र विज्ञहरूले नियमित सामाजिक उत्तरदायित्व (सिएसआर)को व्यवस्थापनका लागि सुझाव प्रस्तुत गर्नुभएको थियो ।पूर्वपरराष्ट्रमन्त्री डा विमला राई पौडेलले उद्देश्य र कार्यक्षेत्रअनुसार संस्था दर्ता गर्ने र नियमन गर्ने प्रणाली बसाउन कानुन निर्माणको आवश्यकता औँल्याउनुभयो । त्यसका लागि सामाजिक विकास ऐन र सङ्घसंस्था दर्ता ऐन बनाउन ढिलाइ गर्न नहुने उहाँको सुझाव छ ।

राष्ट्रिय योजना आयोगका पूर्वसदस्यसमेत रहनुभएका पौडेलले गैससले दीर्घकालीन वित्त स्रोतको विकास गर्नतर्फ अग्रसर हुनुपर्ने धारणासमेत व्यक्त गर्नुभयो । "आफ्नो स्रोत छैन, दातृ निकायले उपलब्ध गराउने स्रोतमा निर्भर भइरहेका छौँ । दातृ निकायको दानबाट कतिपय अवस्थामा उसको उद्देश्यअनुसार काम धेरै हुन्छ । उद्देश्य मात्र हैन हामीले गर्ने कार्य प्रणाली पनि उनीहरूले नै 'डिटेक्ट' गरेअनुसार हुन्छ, यो ठूलो चुनौती हो", उहाँले भन्नुभयो, "सामाजिक उद्यम, व्यवसाय प्रवर्द्धन गर्न जरूरी छ ।" उहाँले गैससभित्र संस्थागत पारदर्शिता र जवाफदेहिता चुनौतीका रूपमा खडा भइरहेको बताउनुभयो ।

"देश सङ्घीय व्यवस्थामा गएसँगै गैससको काम र भूमिका परिवर्तन भएको छ । हामी 'स्टेट' हैन, 'स्टेट'लाई सघाउने संस्था हो । नागरिक र सरकारबीचको दूरी बढाउनेभन्दा पनि अविश्वासको दूरी घटाउन सहयोगी बन्नुपर्छ," पौडेलले भन्नुभयो ।

सम्मेलनमा दिगो विकासका लागि नागरिक समाजको योगदान, दिगोपनाका लागि चुनौती र नीतिगत विकल्पका विषयमा संवाद गरिएको थियो । रासस

# अभियानको रौतहटमा अभियन्ता समिति गठन




**टुडे समाचारदाता**

रौतहट । चुरे तथा वनजंगल संरक्षण अभियानले रौतहट जिल्लामा अभियानको अभियन्ता समिति गठन गरिएको छ

अभियानका सदस्य नन्दकिशोर रामको अध्यक्षतामा रौतहटको चन्द्रपुर ५ मा बसेको बैठकबाट समिति गठन गर्ने निर्णय गरिएको हो । समितिको अध्यक्षमा अमिरी सहनी उपाध्यक्षमा दिलिप कुमार चौधरी सचिवमा रामानन्द माझी,सहसचिवमा निरश कुमार गुप्ता र कोषाध्यक्षमा अरुणा कुमारी दासलाई चयन गरिएको छ । तयसैगरि सदस्यहरुमा धर्मेन्द्र चौधरी,नविन कुमार माझी,रामकल्याण ठाकुर,गिता कुमारी राय,भूपेन्द्र चौधरी र सुरज राय रहेका छन् ।

गठन गरिएको नव अभियन्ता समितिको आगामी बैठक चैत महिनाको ६ गते बुधबार बस्ने समेत निर्णय गरिएको छ ।

बैठकमा रामकल्याण ठाकुर ,दिलिप कुमार चौधरी,रामानन्द माझी,निरस कुमार गुप्ता,नविन कुमार माझी लगायत अभियन्ताहरुको उपस्थिती रहेको थियो ।

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : सहयोग गर्ने तत्परता देखाउने छन् ।
वृष : तपाईंको मध्य साढेसाती दशा चलिरहेको छ । धार्मिक अभियन्तासँग झुकाव रहेमा दिन सहज रहनेछ ।
मिथुन : आफ्नै राशीमा चन्द्रमाले भ्रमण गर्दैछन् । आफूले सोचेका कामहरु सहजै सञ्चालन हुनेछन् ।
कर्कट : दिन सामान्य छ । अचानक सञ्चित धन खर्च हुनेछ ।
सिंह : आफूलाईसमयनदिँदामनदुःखीहुनेछ।
कन्या : बौद्धिक व्यक्तित्वसँग भेट गरेमा मन हलुका हुनेछ ।
तुला : बौद्धिक व्यक्तित्वसँगको टकरावले मन अशान्त हुनेछ। सामान्य खानेकुरामा चित्त बुझाउनुपर्ने दिन छ।
वृश्चिक : बोलीको प्रभावले राम्रो काम बन्नेछ। धनस्थानमा शुभग्रह बसेकाले लगानी गर्दा फाइदा हुनेछ।
धनु : बिहानै शुभ समाचार सुन्नाले मनमा उमङ्ग बढ्नेछ। आफ्ना कुराहरु अरुसँग साट्नु राम्रो हुनेछ।
मकर : सञ्चित धन खर्च हुनेछ। दाजुभाइसँग सल्लाह गरेर अघि बढे दिन सहज हुनेछ।
कुम्भ : आज तपाईंले गरेका कार्यमा उन्नति हुने दिन छ ।
मीन : दिन सहज रहेको छ। रोगसँग लड्ने क्षमता बढ्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# नसर्ने रोगका प्रमुख कारण सूर्ति तथा मदिराजन्य पदार्थ : विज्ञ



वीरगञ्जको घण्टाघरचोकमा यात्रुको प्रतिक्षामा बसेका रिक्साचालक। उनीहरु भन्छन् 'पछिल्लो समय रिक्सा चढ्ने यात्रु घटेपछि यहाँ रिक्सा चलाउनेले दैनिक मुस्किलले रु ५०० कमाई गर्ने भएकाले घरपरिवारको गुजारा चलाउन पनि गाह्रो भइरहेको छ।' *तस्बिरः राासस*

काठमाण्डु । सूर्ति तथा मदिराजन्य पदार्थको प्रयोग शरीरका लागि अति घातक रहेको विज्ञहरुले बताएका छन् ।

नसर्ने रोगको प्रमुख कारण सूर्ति तथा मदिराजन्य पदार्थ रहेको र यसको सेवनले अति घातक रोग निम्तिरहेको विज्ञहरुले बताएका हुन् । "सूर्तिजन्य तथा मदिराजन्य पदार्थ प्रयोगको अवस्था, यसको प्रभाव र नियन्त्रण तथा नियमनसम्बन्धी स्वास्थ्य क्षेत्रका सञ्चारकर्मीहरुसँग छलफलमा क्यान्सर रोग विशेषज्ञ प्रा डा विवेक आचार्यले सूर्तीजन्य पदार्थको सेवनले स्वास्थ्यमा गम्भीर असर पु-याउने बताउनुभयो ।

उहाँले भन्नुभयो, "सूर्तिजन्य पदार्थले १२ देखि १३ प्रकारका क्यान्सर गराउँछ । यो एकदमै घातक हो । मुटुरोग, मष्तिष्कघात, फोक्सोको समस्या आदि यसले निम्त्याउन सक्छ । यसले स्वास्थ्यमा असर पार्नुका साथै आर्थिक भार थपेको छ ।"

उहाँले वयस्कमा चुरोट सेवनको लत बढिरहेको बताउँदै नेपालमा अबको २० देखि ३० वर्षमा क्यान्सर खेप्न नसकिने अवस्थामा देखिने बताउनुभयो । "सूर्तीजन्य पदार्थको कानुन कार्यान्वयन गर्न सकेका छैनौँ । क्यान्सर बढ्दो अवस्थामा छ। अहिले नै रोकथाममा सम्बोधन नगरेपछि भयावह स्थिति आउन सक्छ", उहाँले भन्नुभयो ।

राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रका वरिष्ठ जनस्वास्थ्य प्रशासक उपेन्द्र ढुङ्गानाले विश्वमा मदिराको हानिकारक प्रयोगका कारण हरेक वर्ष ३० लाख मानिसको मृत्यु हुने बताउनुभयो । उहाँले भन्नुभयो, "मदिराको प्रयोगले दुई सय भन्दा बढी रोग र चोटपटक लाग्ने अवस्था निम्त्याउँछ । यसले अकालमा मृत्यु गराउने र जीवनशैलीमा ह्रास ल्याउँछ ।"

मदिराको उपलब्धतामा भएका प्रतिबन्धलाई बढावा दिने, स्क्रिनिङ सहजताका साथै उपचारमा पहुँच, विज्ञापन, प्रायोजन तथा पदोन्नतिमा व्यापक प्रतिबन्ध, अन्तःशुल्क तथा मूल्य निर्धारण नीतिमार्फत मदिराजन्य पदार्थमा मूल्य वृद्धि गर्नुपर्ने उहाँको भनाइ छ ।

केन्द्रका निर्देशक डा केशवराज पण्डितले नसर्ने रोगको भारको मुख्य कारकमध्ये सूर्तिजन्य तथा मदिराजन्य पदार्थ रहेको बताउनुभयो । उहाँले यी सम्बन्धी बनेका कानुन कार्यान्वयनमा समन्वय आवश्यक रहेको बताउनुभयो ।रासस

# मुलुकमा अर्थतन्त्रको बाह्य क्षेत्र सबल




काठमाण्डु । चालु आर्थिक वर्ष २०८१/८२ को सात महिनाको अवधिमा मुलुकको अर्थतन्त्रको बाह्य क्षेत्र सबल देखिएको छ ।

केन्द्रीय बैंकले सोमबार सार्वजनिक गरेको चालु आव, माघ मसान्तसम्मको तथ्याङ्कमा आधारित देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार नेपालले प्राप्त गर्ने विप्रेषण बढेको छ भने विदेशी मुद्रा सञ्चिती पनि उच्च बिन्दुमा पुगेको छ । यस्तै, चालु खाता र शोधनान्तर स्थिति बचतमा देखिएको छ ।

चालु आवको पछिल्लो सात महिनामा रु नौ खर्ब विप्रेषण भित्रिएको छ । यो अवधिमा विप्रेषण आप्रवाह सात दशमलव तीन प्रतिशतले वृद्धि भई रु नौ खर्ब ५८ करोड पुगेको छ। यही अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या दुई लाख ७४ हजार छ सय २२ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ९० हजार आठ सय ८६ रहेको छ ।

यस्तै, चालु आवको सात महिनामा चालु खाता रु एक खर्ब ६६ अर्ब ८० करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु एक खर्ब ६२ अर्ब ५२ करोडले बचतमा रहेको थियो । यो अवधिमा खुद पुँजीगत ट्रान्सफर रु पाँच अर्ब ८३ करोड रहेको पनि नेपाल राष्ट्र बैंकले जनाएको छ । यसैगरी, समीक्षा अवधिमा रु सात अर्ब ४५ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ ।

गत माघ मसान्तसम्म मुलुकको शोधनान्तर स्थिति रु दुई खर्ब ८४ अर्ब ४१ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब ९७ अर्ब ७२ करोडले बचतमा रहेको थियो । गत असार मसान्तमा रु २० खर्ब ४१ अर्ब १० करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति पछिल्लो सात महिनामा १६ दशमलव एक प्रतिशतले वृद्धि भई समीक्षा अवधिमा रु २३ खर्ब ६९ अर्ब आठ करोड पुगेको छ ।

कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति सात महिनामा १३ दशमलव नौ प्रतिशतले वृद्धि भई रु २१ खर्ब पाँच अर्ब १४ करोड पुगेको छ । यस्तै, बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति ३७ दशमलव एक प्रतिशतले वद्धि भई रु दुई खर्ब ६३ अर्ब ९३ करोड कायम भएको छ ।

हाल मुलुकसँग कायम विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ प्रतिशत रहेको छ । चालु आवको सात महिनाको आयातलाई आधार मान्दा बैङ्किङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १७ दशमलव दुई महिनाको वस्तु आयात र १४ दशमलव चार महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकले जनाएको छ ।

**मुद्रास्फीति चार दशमलव १६ प्रतिशत**

चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव १६ प्रतिशत रहेको छ ।

नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको सात महिनाको तथ्याङ्कमा आधारित देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार मुद्रास्फीति वाञ्छित सीमाभित्रै देखिएको हो ।

राष्ट्र बैंकका अनुसार गत माघ महिनामा खाद्य तथा पेयपदार्थको मुद्रास्फीति चार दशमलव ९५ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ७४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मुद्रास्फीति क्रमशः छ दशमलव ५९ प्रतिशत र तीन दशमलव ९८ प्रतिशत रहेको थियो ।

खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क सबैभन्दा धेरै १२ दशमलव ८० प्रतिशत देखिएको छ । त्यस्तै, दाल तथा गेडागुडीको नौ दशमलव ०६ प्रतिशत, तरकारीको सात दशमलव ५६ प्रतिशत र खाद्य तथा खाद्यजन्य पदार्थको छ दशमलव ३६ प्रतिशतले बढेको छ ।

मरमसला उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क भने दुई दशमलव ९८ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ। गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १० दशमलव ९१ प्रतिशतले बढेको छ । त्यसैगरी कपडाजन्य तथा जुत्ताचप्पलको पाँच दशमलव ३६, मदिराजन्य पेयपदार्थको पाँच दशमलव ०८, यातायातको पाँच दशमलव ०१, सुर्तीजन्य पदार्थको चार दशमलव १० र फर्निसिङ तथा घरायसी उपकरणको चार दशमलव ०७ प्रतिशतले बढेको छ ।

यो अवधिमा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क चार दशमलव ७३ प्रतिशतले बढेको छ भने सहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क तीन दशमलव ९६ प्रतिशतले बढेको छ ।

प्रदेशगत रुपमा यो अवधिमा कोशी प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति छ दशमलव १५, मधेश प्रदेशको तीन दशमलव ९१, बागमती प्रदेशको तीन दशमलव ३५, गण्डकी प्रदेशको तीन दशमलव ४०, लुम्बिनी प्रदेशको चार दशमलव १६, कर्णाली प्रदेशको चार दशमलव ०५ र सुदूरपश्चिम प्रदेशको चार दशमलव ७१ प्रतिशत रहेको छ । त्यसैगरी काठमाडौँ उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति तीन दशमलव ५३, तराईको चार दशमलव २५, पहाडको चार दशमलव ११ र हिमालको पाँच दशमलव २१ प्रतिशत रहेको छ ।रासस

# प्रादेशिक ललितकला प्रदर्शनी, २०८१ सुरू



काठमाण्डु । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको आयोजनामा काठमाडौँमा सोमबारदेखि 'बाग्मती प्रादेशिक ललितकला प्रदर्शनी, २०८१' सुरू भएको छ ।

नक्सालस्थित प्रतिष्ठानको प्रदर्शनी हलमा सुरू भएको प्रदर्शनीको प्रतिष्ठानका संस्थापक कुलपति किरण मानन्धरले उद्घाटन गर्नुभयो । सो क्रममा उहाँले प्रतिष्ठानले प्रदेशगत रूपमा आयोजना गरेको प्रदर्शनीको प्रशंसा गर्दै किसानले माटाको पहिचान गरेर अन्न उत्पादन गरे झैँ कलाकारले पनि आफ्नो माटोलाई चिनेर कला र कलाकारिता गर्नुपर्ने बताउनुभयो ।

उद्घाटन समारोहमा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले 'सामाजिक रूपान्तरण ललितकलाको अभियान'को मूल भावमा रही आयोजना गरिएको प्रदर्शनीले प्रदेशको ललितकलाका उत्थानमा थप सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले कला र कलाकारको धनी बाग्मती प्रदेशमा ललितकलाको खोज तथा अनुसन्धानका थप काम गर्नुपर्ने धारणा राख्नुभयो ।

प्रतिष्ठानका उपकुलपति तथा बागमती प्रदेश समन्वय समितिका संयोजक लालकाजी लामाले कलाका क्षेत्रमा प्रादेशिक प्रदर्शनीले ललितकला क्षेत्रको पुनर्जागरण गराएको र अझै जरैसम्म पुगेर रैथाने कला र सीपलाई थप उजागर गराउनुपर्नेमा जोड दिनुभयो ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली'ले प्रतिष्ठानको रणनीतिक योजनामुताबिक प्रादेशिक ललितकला प्रदर्शनी गरिएको र यसले हाम्रा मौलिक कला, शैली, शिल्प, ज्ञानलाई उत्थान तथा प्रवर्द्धन गर्न सहयोग गर्ने बताउनुभयो । रैथाने सीप र कलाको पुस्तान्तरण हुनुपर्ने बताउँदै उहाँले कला र कलाकारको रचनात्मक सिर्जनशील विकासमा जोड दिनुभयो । ललितकला क्याम्पस (भोटाहिटी) का प्रमुख डा यामप्रसाद शर्माले यस प्रदर्शनीले उत्साह थपेको र कलाकारले विविध कलालाई विभिन्न रूपमा देखाएको बताउनुभयो ।

समारोहमानेपालीललितकला क्षेत्रमा योगदान दिनुभएका कलाकारहरू जुलुमलाल चित्रकार, भोला पौड्याल, शारदामान श्रेष्ठ, सुष्मा राजभण्डारी, सुनिता राणा, धर्मबहादुर तामाङ, सरिता डङ्गोललगायतलाई सम्मान गरिएको थियो। त्यस्तै कार्यक्रममा प्रतिष्ठानबाट प्रकाशित विज्ञसमीक्षित अनुसन्धानमूलक सोधपत्रिका 'ललितकला प्रज्ञा'को समेत विमोचन गरिएको थियो । प्रदर्शनीमा बाग्मती प्रदेशका २०७ कलाकारका २३९ कलाकृति राखिएका छन् ।

चैत १ गतेसम्म चल्ने प्रदर्शनीको क्युरेटिङ प्रतिष्ठानका प्राज्ञसभा सदस्य सुन्दर सिंख्वालको संयोजनमा रजनी सिंख्वाल र सविना तामाङले गर्नुभएको हो । प्रदर्शनीको प्रवर्धकका रूपमा नेपाल पर्यटन बोर्ड रहेको छ ।

कार्यक्रममा प्रतिष्ठानका पूर्वकुलपति कान्छाकुमार (केके) कर्माचार्य, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव कुश्मा महरा 'प्रगति', प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य, प्राज्ञसभा सदस्य, अग्रज कलाकार, संस्कृतिकर्मी, पत्रकार, राजनीतिक दलका प्रतिनिधि, कलाकारलगायतको उपस्थिति रहेको थियो ।रासस

# भाषिक हिंसाप्रति भाषा आयोगको ध्यानाकर्षण




काठमाण्डु । भाषासम्बन्धी कुनै पनि प्रकारको हिंसाजन्य कार्यबाट बच्ने र बचाउने दायित्व सबै नागरिक भएकाले यस विषयमा संवेदनशील हुन भाषा आयोगले आग्रह गरेको छ ।

सामाजिक सहअस्तित्व र सद्भावपूर्ण व्यवहार अपनाई सामाजिक एकताको प्रवर्द्धन गर्न पनि आयोगले अपिल गरेको छ ।

नेपाल भाषा वक्ता गायक कुमः सागरको लवजलाई लिएर एक 'पोडकास्ट'मार्फत खिसीटिउरी गरिएको विषयमा आयोगमा उजुरी परेपछि आयोगले उक्त विषयलाई सम्बोधन गर्दै प्रतिक्रिया जनाएको हो। मातृभाषा प्रयोग गर्ने क्रममा वक्ताको उच्चारण, भाषिक स्तर तथा क्षेत्रीय भिन्नताका आधारमा हुने खिसीटिउरी, अपहेलना र मानमर्दन कार्य भएको विषयमा थप अनुसन्धान र छानबिनका लागि सम्बन्धित निकायमा पठाउने निर्णय पनि आयोगले गरेको छ। नेपालभाषा प्रवर्द्धनका लागि काम गर्दै आएको 'नेवा देयः दबू'ले नेपालभाषी वक्तामाथि गरिएको भाषिक अपहेलनाबारे आयोगसमक्ष उजुरी दर्ता गराएको थियो ।

सो उजुरीका आधारमा आयोगले नेपालमा बोलिने सम्पूर्ण भाषाहरूको सम्मान हुनुपर्ने भन्दै कुनै पनि भाषा वा भाषिक समुदायमाथि हिंसात्मक व्यवहार स्वीकार्य नहुने बताएको हो ।

आयोगले यसप्रकारका घटनाबाट बच्न तथा बचाउन सबै नेपाली नागरिकलाई सामाजिक सहअस्तित्व, सद्भावपूर्ण व्यवहार र एकताको प्रवर्द्धन गर्न आग्रह गरेको छ ।रासस


## परोहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## (शिक्षा, युवा तथा खेलकुद शाखा )
### लौकाहा, रौतहट
### मधेश प्रदेश, नेपाल

## करार सेवामा शिक्षक आवश्यकता सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति-२०८१/११/२६**

यस कार्यलयको मिति २०८१/११/२६ को निर्णयानुसार विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यविधि,-२०७५ बमोजिम परोहा नगरपालिका क्षेत्रमा संचालित सामुदायिक विद्यालयहरुमा करार सेवामा देहायका शिक्षक खुल्ला प्रतिस्पर्धाबाट पदपुर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम दरखास्त अह्वान गरिएको छ।

१. पदः- मा.वि.शिक्षण सिकाइ अनुदान शिक्षक "करार"

| क्र.सं. | विज्ञापन नं. | तह | पद | संख्या | विषय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०३/०८१/०८२ | मा.वि. | शिक्षण सिकाइ अनुदान शिक्षक | १ (एक) | गणित | |
| २ | ०४/०८१/०८२ | मा.वि. | शिक्षण सिकाइ अनुदान शिक्षक | २ (एक) | अंग्रेजी | |

२. **शैक्षिक योग्यताः-** उपरोक्त पदको लागि मूल विषय लिई स्नातक उर्तिर्ण वा सो सरह।

३. **उमेरः-** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

४. **तलब स्केल :-** नियमानुसार

५. **परीक्षाको किसिमः-** लिखित र मौखिक

६. **आवेदन दिने अन्तिम मितिः-** २०८१/१२/२६ गते सम्म ।

७. दरखास्त फारम यस कार्यलयको शिक्षा शाखाबाट प्राप्त गर्न सकिने छ।

८. **आवेदन दिने स्थानः-** परोहा नगरकार्यपालिकाको कार्यलय शिक्षा शाखा लौकाहा, रौतहट

९. **आवेदन शुल्क :-** १०००।००( यस कार्यलयको प्रभु बैंक मा रहेको खाता नं.१४९०११३६६४३०००१५ मा रकम जम्मा गरेको सक्कल भौउचर वा राजश्व शाखाबाट सक्कलै नगदी रसिद सहितको आवेदन)

१०. **आवेदन साथ संलग्नगर्नु पर्ने कागजातहरु**

क) शैक्षिक योग्यता प्रमाणपत्रको फोटोकोपी ...१।१ प्रति।


ख) चारित्रीक प्रमाणपत्रको फोटोकोपी..........१ प्रति

ग) नेपाली नागरीकता प्रमाणपत्रको फोटोकोपी..१ प्रति

घ) स्थायी अध्यापन अनुमति पत्रको फोटोकोपी ...१ प्रति

ङ) निरोगिता प्रमाणपत्रको फोटोकोपी............... १ प्रति

११. सम्पर्क मिति २०८१/१२/२७ गते दिउँसो २ बजे र बाँकी कार्यक्रम सोहि दिन प्रकाशित गरिने छ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जनमत पार्टीमा विद्रोह

जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले पार्टीमा मनपरी गरेको, आर्थिक अनियमितता गरेको लगायतका आरोपहरु लगाउँदै कयौं पदाधिकारीहरुले विद्रोह गर्ने संकेत दिएका छन् । पार्टीको केन्द्रीय समितिको बैठक महोत्तरी जिल्लाको बर्दिवासमा आइतवार र सोमवार दुई दिन चलेको छ। अध्यक्ष राउतको क्रियाकलापको विरोध गर्दै आठ जना पदाधिकारी र कयौं सदस्यहरुले बहिष्कार गरेका छन्। अध्यक्ष राउतले पार्टीमा आर्थिक अनियमितता लगायत मनपरी गरिरहेको विरोध गर्ने कोषाध्यक्ष सुरेन्द्रनारायण यादव, अनुशासन समितिका संयोजक समेत रहेका उपाध्यक्ष ईञ्जिनियर दीपक साहलाई कारबाही गरिएको औपचारिक रुपमा प्रवक्ता डा. शरद यादवले पुष्टि गरेका छन् । तर अन्य पदाधिकारी र सदस्यहरुको अनुपस्थितिको विषयमा औपचारिक रुपमा केही बताइएको छैन । मधेशको मुद्दा लिएर डा.राउतले आन्दोलन गर्दै जनमत पार्टी गठन गरेका हुन् । तर पार्टी गठन भएको थोरै वर्षमा नै संगठनात्मक संरचना बिग्रेको छ । पहिलो पटक संसद र प्रदेश सभामा पुगेको जनमत पार्टीमा प्रारम्भ देखि नै कलह शुरु भएको हो। अध्यक्ष राउतले समानुपातिक तर्फबाट सांसदहरु चयन गर्दा मोटो रकम लिएको आरोप छ। त्यस कारण नै उनले चाहेर पनि गोमा लाभलाई सांसदबाट मुक्त गराउन सकेका छैनन् । पार्टीको जग खडा गर्ने महत्वपूर्ण योगदान दिनेहरु सबै अलगिन थालेका छन् । राउतले मधेश प्रदेशमा संसदीय दलका नेता महेश प्रसाद यादवलाई मुख्यमन्त्री नबनाएर मोटो रकमको चलखेल गरी सतीशकुमार सिंहलाई मुख्यमन्त्री बनाएको आरोप पनि लागेको छ । पार्टीलाई संगठनको संरचना भन्दा बाहिर आफूखुशी गर्न थालेपछि इमान्दारीपूर्वक कार्य गर्ने संस्थापकहरु विक्षुब्ध भएर विद्रोहमा उत्रेका छन्। कोषाध्यक्ष यादवमाथि गत संसदीय निर्वाचनमा अध्यक्ष राउत विरुद्ध प्रचार गरेको आरोप अढाई वर्षपछि लगाइएको छ । राउतकी पत्नी मुद्दा हालेकी छन् । जनमतको मुख्य खम्बाहरु अलगिएकाले कमजोर हुने सम्भावना बढेको छ। विदेशमा रहेका नेपाली मधेशीहरु जनमतको ठूलो आर्थिक मेरुदण्ड र जनमत तयार गर्ने मुख्य आधार हो। अध्यक्ष राउतको गतिविधिबाट क्षुब्ध भएका पदाधिकारीहरु बैठक बहिष्कार गर्नुको कारण अन्य पदाधिकारी र सदस्यहरुले खोज्न आवश्यक छ। केन्द्रीय समितिको बैठकबाट नै असन्तुष्टहरुको मुद्दालाई सम्बोधन गर्न आवश्यक छ । पार्टीलाई सशक्त बनाउन अध्यक्षको क्रियाकलापप्रति असन्तुष्टि जनाउनेलाई हटाउने प्रवृत्ति ठीक होइन। सबैलाई विश्वासमा लिएर अध्यक्ष राउत अगाडि बढनुपर्ने हो। उनको नेतृत्वलाई स्वीकार गरी देश र विदेशमा रहेका मधेशीहरुले स्थापना गरेको संगठनलाई जोगाउने दायित्व पनि उनकै हो । जनमतभन्दा धेरै पुरानो पार्टी लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले समयानुकूल संगठनलाई सञ्चालन गर्न नसक्दा राष्ट्रिय पार्टीको मान्यता समेत गुमाएको छ। जनमतले पनि यो सबै बुझ्न आवश्यक छ।

# मुलुकले बिर्सनै नहुने ऐतिहासिक पात्र- सरदार रुद्रराज



प्राडा तीर्थप्रसाद मिश्र

नेपाल गौरवपूर्ण अतीत भएको मुलुक हो। यस देशको वैभव तथा छवि उजिल्याउन इतिहासको कालखण्डमा धेरै व्यक्तित्वहरूको योगदान, त्याग, बलिदान, प्रतिबद्धता र समर्पण रहिआएको छ। यस्ता व्यक्तित्वहरूले हिजो गरेका कार्यहरूबाट भएका उपलब्धिहरू आजको पुस्तालाई जानकारी गराउनैपर्ने भएको छ। हामी सबैले हिजोलाई स्मरण गरी इतिहासलाई सम्मान गर्नैपर्ने हुन्छ। यस्तै तथ्यलाई आत्मसात् गरी सरदार रुद्रराज पाण्डेको १२५औँ जन्मजयन्तीका अवसरमा उहाँले नेपालको शैक्षिक, साहित्यिक तथा आध्यात्मिक क्षेत्रमा लगाएका गुणहरू स्मरण गर्नुपर्ने हुन्छ।

पृथ्वीनारायण शाहकै एकीकरण अभियानमा पाण्डेहरू सरिक भएका थिए । गोरखालगायत केही चौबिसी राज्यहरूमा पाण्डेहरू राजगुरु रहेको इतिहासले बताउँछ । नवनेपाल निर्माण भएपछि शाह राजाका विश्वासपात्र गुरु हुन पुगेका रुद्रराज पाण्डेका पुर्खा तानसेनको धर्मपानीबाट राजधानीको मुटु प्युखामा स्थायी बसोबास गर्न थाल्नुभएको थियो। यसै वंशका पद्मराज पाण्डेका पुत्ररत्नका रूपमा १९५७ साल फागुन २६ गते रुद्रराज पाण्डेको जन्म भएको थियो। राजगुरु घराना खलकले संस्कृत शिक्षा आर्जन गर्ने तत्कालीन परम्पराअनुसार तीनधारा पाठशालामा रुद्रराज पाण्डेले अध्ययन प्रारम्भ गर्नुभयो। उतिबेला राणा परिवार र केही हुनेखाने वर्गका मानिस मात्र त्यतिबेलाको दरबार स्कुलमा अङ्ग्रेजी शिक्षा पढ्न आकर्षित हुन थालेका थिए।

यसैअनुसार रुद्रराज पाण्डे दरबार स्कुलमा भर्ना भई १९७५ सालमा प्रथम श्रेणीमा 'म्याट्रिक' उत्तीर्ण गर्न सफल हुनुभयो । त्यतिबेला दरबार स्कुलले कलकत्ता विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरेको हुँदा परीक्षा दिन चाहिँ कलकत्ता नै जानुपर्ने थियो। उक्त समय म्याट्रिक पास गर्ने व्यक्ति औँलामा गन्न सकिने मात्र थिए । तसर्थ, म्याट्रिक उत्तीर्ण हुनेलाई ठूलो सम्मान गर्ने चलन थियो । राणा खलकले रु एक हजारको दोसल्ला पाउँथे भने अरूलाई रु ३०० को दोसल्लाबाट सम्मानित गरिन्थ्यो । यसबाट राणाशासन कालमा शासक र जनसाधारण बीचमा विभेदकारी नीति रहेको बुझ्न सकिन्छ । सरकारी छात्रवृत्तिमा नै पाण्डेले इलाहाबाद विश्वविद्यालयबाट १९८१ सालमा इतिहासमा स्नातकोत्तर उत्तीर्ण गरेपछि इतिहासमा एमए गर्ने पहिलो नेपाली व्यक्ति बन्नुभयो।

विसं १९८२ देखि नै उहाँले त्रिचन्द्र कलेजमा इतिहास विषयको प्राध्यापक नियुक्त भई दरबार स्कुलमा समेत अध्यापन गर्न प्रारम्भ गर्नुभयो । कालान्तरमा उहाँ त्यही दरबार स्कुलको पहिलो नेपाली 'हेडमास्टर' बन्न पुग्नुभयो । पाण्डेकै अनवरत प्रयासबाट त्रिचन्द्र कलेजमा नेपाली विषयको पठनपाठन सुरु भयो । त्रिचन्द्र कलेजले सुरुमा कलकत्ता र पछि पटना विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेको थियो । साथै, नेपालमा नै एसएलसी परीक्षा दिन पाउने व्यवस्था उहाँले नै प्रारम्भ गराउनुभएको थियो। १९९५ सालमा त्रिचन्द्र कलेजको प्राचार्य भई कला र विज्ञानका विभिन्न थप विषय अध्यापन प्रारम्भ गराउने कार्य पनि उहाँबाटै भएको देखिन्छ । हाइस्कुल र कलेज दुवैतिरको शिक्षालाई प्रभावकारी कार्यान्वयन गराउने कार्यमा उहाँले कहिल्यै कमी आउन दिनु भएन। एक कुशल शिक्षक, प्राध्यापक र शैक्षिक प्रशासकका रूपमा आफ्नो योग्यता देखाएकै कारण राणा शासकले पनि उहाँप्रति कहिल्यै वक्रदृष्टि राखेनन्। १९९७ सालको



विद्यार्थी आन्दोलनको समयमा उहाँले खेलेको भूमिकाको मानिसले आजसम्म स्मरण गरिरहेका छन् । जयतु संस्कृतम् आन्दोलनका कारण परीक्षा दिन जान नपाएका विद्यार्थीहरूलाई नेपालमै परीक्षा दिने व्यवस्था मिलाउन उहाँ सफल हुनुभयो। २००७ सालको परिवर्तनपश्चात् शिक्षा सचिव र पुरातत्व विभागका निर्देशक भई उहाँले गरेको योगदान उल्लेख्य रहेको छ।

राणाशासन रहँदा र प्रजातन्त्र आएपछि पनि उहाँको दायित्वमा कुनै फरक परेन। उहाँले २००७ देखि २०१५ सालसम्म सक्रिय भई सरकारबाट प्राप्त भएका दायित्वहरू कुशलतापूर्वक निर्वाह गर्नुभयो । २०१५ सालको नेपालको प्रथम आमचुनावको समयमा निर्वाचन आयुक्त भई निर्वाचन सम्पन्न गराउन उहाँले खेलेका भूमिका सराहनीय रहेको छ। निर्वाचनप्रति जनचेतना बढाउने खालका नाटक नै मञ्चन गराउनुलाई त्यतिबेला प्रशंसनीय कार्य ठानिएको थियो।

विसं २०१६ मा स्थापना भएको त्रिभुवन विश्वविद्यालयको प्रभावकारी संरचना र शैक्षिक कार्यक्रमको उन्नयनका लागि राजा महेन्द्रले २०२२ सालमा रुद्रराज पाण्डेलाई उपकुलपति नियुक्त गरे । त्रिभुवन विश्वविद्यालयको शैक्षिक कार्यक्रम विस्तार र भौतिक पूर्वाधार सिर्जना गर्न उहाँको कार्यकाल कोसेढुङ्गा साबित भएको छ । उहाँले त्रिपुरेश्वरस्थित पाहुनाघरमा रहेको केन्द्रीय कार्यालय कीर्तिपुरस्थित स्मृति भवनमा स्थानान्तरण गरी व्यवस्थित गराउनुभयो । लालदरबारमा रहेको केन्द्रीय पुस्तकालय कीर्तिपुरमा नवनिर्मित भवनमा सार्नुभयो । नेपाल अध्ययन संस्थान (कालान्तरमा नेपाल र एसियाली अध्ययन संस्थान हुँदै हाल नेपाल र एसियाली अनुसन्धान केन्द्र भएको छ) र सेडाको गठन उहाँकै कार्यकालमा भएको तथ्य स्मरणीय छ।

उहाँकै कार्यकालमा विज्ञान सङ्कायमा स्नातकोत्तर तहको शैक्षिक कार्यक्रमहरू थपिए । छात्रावास, गान्धीभवन, रोज गार्डेन आदि उहाँकै समयमा निर्माण भएका थिए। राजा महेन्द्रले चाहँदाचाहँदै पनि उहाँले पुनः त्रिविको उपकुलपति हुन अस्वीकार गर्नुभयो।

रुद्रराज पाण्डेलाई लोकले एकजना मूर्धन्य साहित्यकारका रूपमा पनि प्रतिस्थापित गरेको छ । लेखनाथ पौडेल, शम्भुप्रसाद ढुङ्गेल, कृष्णलाल अधिकारी आदि साहित्यकारसँग उहाँको उठबस थियो।

विद्यार्थीकालमा नै चन्द्रिका र सूक्तिसिन्धु जस्ता पत्रिकामा उहाँका कविताहरू प्रकाशित भएका थिए। उहाँले रचना गरेको रूपमती उपन्यास नेपालको इतिहासमा पहिलो मौलिक उपन्यास बन्न पुगेको छ। रूपमती उपन्यासले तत्कालीन नेपाली समाजको राम्रो चित्रण गर्न सफल भएको छ। अतः उक्त उपन्यासलाई इतिहासको स्रोतका रूपमा लिने पनि गरिन्छ। उक्त उपन्यास अङ्ग्रेजी र उर्दू भाषामा समेत अनुवाद हुनुले उनको उपन्यासकारितालाई प्रस्ट्याउन मद्दत पुगेको छ । चम्पाकाजी, प्रायश्चित र प्रेमजस्ता उपन्यास पनि नेपाली साहित्यानुरागीहरूले कोसेली पाएका छन् । नेपालको गौरवपूर्ण अतीतको परिचय गराउने हाम्रो गौरवः हाम्रो नेपाल र नवरत्न जस्ता कृतिहरूले पाठकको मन छोएका छन्।

यसैगरी, बालबालिकाहरूका लागि बालरामायण, बालकृष्णचरित्र, नीतिकथा जस्ता कालजयी कृतिहरू प्रकाशन भएका छन् । त्रिचन्द्र कलेज र दरबार स्कुल दुवैतिर इतिहास विषयको पठनपाठन भए तापनि नेपाली भाषामा इतिहासका कुनै पुस्तक नै थिएनन् । यसैले पाठ्यपुस्तकहरूको अभाव हटाउन रुद्रराज पाण्डेले बेलायतको र भारतको इतिहास लेख्नुभएको थियो। यसबाट विद्यार्थीहरू मात्र होइन, इतिहासका शिक्षकसमेत लाभान्वित भएका थिए । गोरखा भाषा प्रकाशनी समिति (पछि नेपाली भाषा प्रकाशनी समिति भएको) यी दुवैमा रही नेपाली भाषाका विभिन्न विधाका पुस्तक प्रकाशन गर्न पनि उहाँको सहयोगी भूमिका रहेको थियो । उहाँ शारदा पत्रिकाको प्रकाशन कार्यमा तन, मन र धनले खटिनुभएको थियो।

उहाँ एक आध्यात्मिक चिन्तक पनि हुनुहुन्थ्यो । प्युखास्थित भवनमा भजनकीर्तन दिनहुँजस्तो हुने गर्दथ्यो। त्यहाँ जोगी, साधुसन्त तथा महात्माहरूको सदैव भीड हुने गरेको चर्चा आज पनि छिमेकीहरूले गर्दछन्। प्युखाबाट कलङ्की बसाइँ सरेपछि पनि यस्ता धार्मिक अर्चनाका कार्यक्रमहरूले निरन्तरता पाउने गरेको छ।

विसं १९८२ देखि २०४३ (महाप्रस्थान) को छ दशकसम्म नेपालको विभिन्न क्षेत्रमा सक्रिय सेवामा रहेका उहाँलाई तत्कालीन शासकले सम्मान गरेका दृष्टान्त पाइन्छन्। उहाँले गोर्खा दक्षिणबाहु प्रथम, श्री ३ जुद्धशमशेरबाट सरदार उपाधि, त्रिशक्ति पट्ट, राजा त्रिभुवनबाट रजतजयन्ती पदक तथा राजा महेन्द्र र वीरेन्द्रबाट शुभराज्याभिषेक पदकजस्ता अनेकौँ पदक र सम्मान प्राप्त गर्नुभएको थियो । आफू सम्मानित भएर मात्र सन्तुष्ट हुन नसक्ने र अरूलाई प्रोत्साहन र सम्मान गर्नुपर्छ भन्ने विचारधाराका पक्षपाती भएका हुँदा त्रिभुवन विश्वविद्यालयका विभिन्न तहमा सर्वोत्कृष्ट स्थान प्राप्त गर्ने विद्यार्थीहरूलाई पद्मराज सुवर्ण पदक, टीकालक्ष्मी सुवर्ण पदक, त्रिभुवन विश्वविद्यालयमा र संस्कृत विश्वविद्यालयमा लीलाबल्लभ पन्त सुवर्ण पदक प्रदान गर्न अक्षयकोष नै स्थापना गराउनुभयो।

१९९० सालको भूकम्पको समयमा स्वयंसेवी दल खडा गरी पीडितहरूको सेवा गरेको प्रसङ्ग ब्रह्मशेरले एक अन्तर्वार्तामा बताएका थिए। धेरै कुरामा पहिलो नेपाली बन्न पुगेका उहाँ इतिहासका प्राध्यापक मात्र नभई स्वयं नेपालकै इतिहास भएको निर्विवाद तथ्य जगजाहेर छ।

रुद्रराज साहित्य समिति गठन गरी उहाँका स्वजनहरूले साहित्य, इतिहास, शिक्षा र अध्यात्म गरी चार विधामा प्रत्येक वर्ष एक विधामा उल्लेख्य योगदान गरेका व्यक्ति तथा संस्थालाई पुरस्कार दिने कार्यबाट उहाँको व्यक्तित्व र कृतित्व चिरस्मरणीय बनाउन गरेको कार्य स्तुत्य भएको छ। कुशल शिक्षक, कुशल प्राध्यापक, शैक्षिक प्रशासक, प्रशासनविद्, साहित्यकार, इतिहासकार, समाजसेवी, आध्यात्मिक चिन्तक जस्ता बहुमुखी विलक्षण प्रतिभासम्पन्न व्यक्ति देशमा मात्र होइन, विश्वमा नै कमै मात्र देखिन्छन्। यस्ता मानवताका सरल पात्र तथा नेपालआमाका धर्तीपुत्र, नेपालकै गहना, महामानव रुद्रराज पाण्डे नेपालीको मानसपटलमा सदासर्वदा अमर रहिरहनेछ।

# यसरी बन्यो 'अञ्जिला'

**भेषराज कार्की**

महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान तथा गोलरक्षक एन्जिला तुम्बापो सुब्बा खेल प्रेमिका लागि परिचित नाम बनिसक्नु भएको छ । युरोपको एउटा व्यावसायिक क्लबबाट समेत खेल खेलिरहनुभएकी कप्तान सुब्बाले चलचित्र 'अञ्जिला' मा अभिनय समेत गर्नुभएको छ।

फुटबलप्रतिको मोह, क्षमता र घरभित्रबाट बाहिर निस्कन गरेको सङ्घर्षदेखि कप्तान बन्दासम्मको कथा रहेको चलचित्रमा उहाँ आफैँले अभिनय गर्नु दुर्लभ संयोग हो । नेपालमा खेलकुदसँग जोडिएको वा खेलाडीको विषयमा कमै चलचित्र निर्माण भए पनि विश्वमा धेरै चलचित्र बनेका छन्।

यद्यपि आफ्नो भूमिकालाई आफैँ निर्वाह गर्नु दुर्लभ मानिन्छ। यसका लागि कप्तान सुब्बा पनि तयार हुनुभएको थिएन किनकी खेल तालिकाबाट समय मिलाउनुपर्ने र अभिनय गर्नुपर्ने थियो। सानैदेखि फुटबल मात्र बुझ्नुभएकी कप्तान सुब्बालाई आफ्नो कथाले अरूलाई प्रेरणा दिन सन्छ र आफू बाहेक अन्यले भूमिका निर्वाह गर्दा खेलाडी झैँ देखिन कठिन हुन्छ भन्ने लागेपछि चलचित्रमा अभिनय गर्न उहाँ तयार हुनुभयो।

"मैले झन्डै डेढ वर्ष कुराएर खालिरहेको एक महिना समय दिएकी थिएँ। मेरो लागि अभिनय नयाँ थियो, तर मेरै कथा भएकाले यसमा अभिनय मात्र निकै कम गर्न पर्थ्यो । सोही कारण मैले चलचित्र गर्ने निर्णय लिएकी थिएँ, यसका लागि मलाई सबैले सहयोग गर्नुभयो", कप्तान सुब्बाले भन्नुभयो।

चलचित्रमा उहाँको बाल्यकाल, तेह्र वर्षसम्मको भूमिका अन्य कलाकारले निर्वाह गर्नुभयो । त्यसपछि देखाइएका अधिकांश दृश्यमा उहाँले फुटबल खेल्नुभएको छ।

लगभग उहाँ पर्दामा देखिने समयको पच्चीस प्रतिशत मात्र छ। त्यस अगाडि नै उहाँको धर्मपिता तथा चलचित्रका निर्माता प्रेमकुमार श्रेष्ठ र निर्देशक मिलन चाम्सले नाटकघरमा लगेर नाटक देखाउने, अभिनेता दयाहाङ राईसहितका कलाकारसँग घुलमिल गराउन थाल्नुभएपछि कप्तान सुब्बाले सहजता महसुस गर्नुभएको थियो।

फुटबल खेलाडी र त्यसमा पनि गोलरक्षक बन्नुसँगै अभिनय पनि उहाँको लागि संयोग भयो । चलचित्रको कथा तयार गर्ने क्रममा कप्तान सुब्बाले अभिनयमा त्यति धेरै चासो नदिएको निर्माता श्रेष्ठले बताउनुभयो।

"उहाँको स्वभावले नै होला, अभिनयमा मन गर्नुभएको थिएन। तर, हामीले उहाँसँग चलचित्रमा देखिने कलाकारसँग सामिप्यता बढाउनुका साथै चलचित्रको छायाङ्कन पनि देखायौँ । दृश्य पूरा गर्न गरिने 'रिटेक' देखाएपछि, दिग्गज कलाकारले काम गर्ने शैलीसँग अवगत गराएपछि कप्तान सुब्बाले आफ्नो भूमिका आफैँ निर्वाह गर्न तयार हुनुभयो", निर्माता श्रेष्ठले भन्नुभयो।

उहाँले खेलाडी सुब्बालाई तेह्र वर्षकै उमेरमा धिमालमार्फत सम्पर्क भएपछि उहाँले खेलाडी सुब्बालाई काठमाडौँ ल्याउनुभएको थियो । "मलाई धिमालजीले खेलाडी सुब्बाको खेलकुदप्रतिको रूचि, शिक्षाको अवस्था र परिवारको आर्थिक अवस्थाबारे जानकारी गाएपछि पढाउने, खेलाउनु र निरीक्षण गर्ने जिम्मा लिएर काठमाडौँ ल्याए । त्यसपछि उहाँ आफ्नै क्षमताले अहिलेसम्मको यात्रा तय गर्नुभयो । उहाँलाई तेह्रवर्षदेखि नै देखेकाले सङ्घर्ष र सफलतालाई जोडेर चलचित्र बन्नुपर्छ भन्ने लागेर अञ्जिला बनाएका हौँ", निर्माता श्रेष्ठले भन्नुभयो।

दृढ सङ्कल्पका साथ इमान्दार भएर मेहनत गर्ने हो भने लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने प्रेरणा चलचित्रले दिन्छ जस्तो लाग्छ। साथै नेपाली खेल र खेलाडीको विषयमा चलचित्र बन्न सुरू हुने मेरा लागि सुखद खबर हो, आगामी दिनमा अन्य खेलाडीको कथा चलचित्रमा हेर्न पाइनेमा विश्वत छु", कप्तान सुब्बाले भन्नुभयो।

निर्माता श्रेष्ठले यही समय उपयुक्त लागेर चलचित्र निर्माण गरेको बताउनुभयो। उहाँका अनुसार केही समय पर्खिंदा कप्तान सुब्बालाई अभिनय गराउन असहज



पूर्वाञ्चलको टोलीबाट राष्ट्रिय प्रतियोगिता खेल्न धनगढी पुग्दा भेट्नु भएको रहेछ । त्यहाँ नियमित गोलरक्षक अनुपस्थित भएपछि खेलाडी सुब्बाले अवसर पाउनुभएको थियो। तेह्र वर्षमै उहाँमा देखिएको कौशलताले उपस्थित सबैको मन जित्यो। तात्कालीन समयमा विभागीय टोली सशस्त्र प्रहरी बलका व्यवस्थापक रहनुभएका निर्माता श्रेष्ठले खेलाडी सुब्बाको बारेमा बुझ्न तात्कालीन कोच नरबहादुर राईलाई जिम्मा दिनुभयो।

कोच राई विविध कारणले जागिर छोडेर विदेशिनु भएपछि खेलाडी सुब्बासम्म पुग्ने बाटो नै रोकियो। यद्यपि त्यसको केही समयपछि विभागीय टोलीमा गोलरक्षक चाहिएपछि व्यवस्थापक श्रेष्ठले खोजी पुनः सुरू गर्नुभयो।

मोरङ फुटबल सङ्घका तात्कालिक अध्यक्ष दीपेन्द्र

विभागीय टोली सशस्त्र प्रहरी बलमार्फत खेल्न सुरू गर्नुभएकी खेलाडी सुब्बाले सन् २०१४ मा श्रीलङ्कामा आयोजना भएको 'एएफसी यू-१४' क्षेत्रीय प्रतियोगिताका लागि छनोट हुनुका साथै कप्तानी गरेर नेपालमा महिला फुटबलमा पहिलो आधिकारिक उपाधि जिताउन सफल हुनुभयो। कुनै गोल नखाई पाएको उपलब्धिका कारण खेलाडी सुब्बाले सन् २०१६ को पाकिस्तानमा भएको १२ औँ सागमा श्रीलङ्काविरूद्धको खेलबाट राष्ट्रिय टोलीमा गोलरक्षकको रूपमा खेल्दै आइरहनुभएको छ।

दुई वर्षदेखि राष्ट्रिय टोलीको नेतृत्व गर्न थाल्नुभएकी कप्तान सुब्बाले चलचित्रले आफ्नो बारेमा बुझ्न मद्दत गर्ने बताउनुभयो । "मेरो सफलता पछाडि सङ्घर्षलाई चलचित्रले चित्रण गरेको छ। हामी जे जस्तो भए पनि हुन्थ्यो । सशस्त्र प्रहरी बलमा सत्ताइस वर्ष सात महिना सेवा गर्दा डिएसपीसम्म हुनुभएका श्रेष्ठले विभागीय टोलीमा बीस वर्ष काम गर्नुभयो। खेलकुदसँग जोडिएको चलचित्र हेर्न रूचाउने श्रेष्ठले अन्ततः चलचित्र निर्माण गर्नुभयो।

"खेलाडीको विषय चलचित्रमा आए धेरै दर्शकसम्म पुग्छ। यसले खेलप्रति दर्शकको आकर्षण पनि बढ्छ भन्ने लागेको छ। साथै, हामीले एञ्जिलाको आफ्नै घर भन्ने अभियान पनि सुरू गरेका छौँ । यस चलचित्रमार्फत आएको सम्पूर्ण मुनाफा उहाँको घर निर्माणमा प्रयोग गरिनेछ । हामीले नेपालमा सार्वजनिक प्रदर्शन अगाडि हङकङ र बेलायतमा गरेको विदेश प्रदर्शनीबाट कप्तान सुब्बाले सहयोग प्राप्त गरिसक्नुभएको छ", निर्माता श्रेष्ठले भन्नुभयो। 'अञ्जिला' अगाडि आँखाको ज्योति गुमाउनु भएकी सृष्टी केसीको जीवनी आधारित 'ब्लाइन्ड रक्स' र उमेश थापा र कविता गुरूङको जीवनीमा आधारित 'बबी' निर्देशन गरिसक्नुभएका निर्देशक मिलन चाम्सले तेस्रो पटक 'बायोपिक' चलचित्र तयार गर्नुभएको हो । उहाँले चलचित्र ९० प्रतिशत कप्तान सुब्बाको जीवनी देखाइएको बताउनुभयो।

"चलचित्र भएकाले हामीले त्यही शैलीमा निर्माण गर्न केही दृश्यलाई फरक तरिकाले छायाङ्कन गरेका छौँ, तर त्यसले मूल कथालाई प्रभाव पारेको छैन । यसमा खेल मात्र नभइ कप्तान सुब्बाको जीवनी देखाएइको छ। उहाँको बाल्यकालदेखि कप्तान बन्दासम्मको यात्रा चलचित्रमा छ", निर्देशक चाम्सले भन्नुभयो। चलचित्रमा कप्तान सुब्बासँगै अभिनेता दयाहाङ राई, सुनिल थापा, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरूङ, वुद्धि तामाङ लगायतको अभिनय गर्नुभएको छ।

महिला खेलाडीको विषयमा चलचित्र बन्नु र त्यसमा आफू अभिनेताको रूपमा जोडिन पाउनु आफ्ना लागि अवसर रहेको अभिनेता राईले बताउनुभयो । "म हरेक खेलकुद हेर्छु, आफूले सक्दो प्रवर्द्धन पनि गरिरहेको हुन्छु। महिला फुटबलले पाइरहेको सफलता र भविष्य निकै राम्रो छ । यस्तै बेलामा कप्तानको जीवनीमा चलचित्र बन्नु खेल प्रेमिका हिसाबले खुसीको खबर थियो । त्योसँगै अभिनय नै गर्न प्रस्ताव आएपछि पटकथा नसुन्दै अभिनय गर्ने सहमति दिएको थिएँ । किनकि यो अवसर एउटा अभिनेता र खेल प्रेमिका हिसाबले गुमाउनु हुन्थेन", अभिनेता राईले भन्नुभयो । कप्तान सुब्बाको आउँदो समयमा खेलाडीको विषयमा चलचित्र बन्नका लागि 'एञ्जिला' को सफलताले ठूलो प्रभाव पार्ने बुझाइ छ। उहाँले अन्य निर्माता, निर्देशकलाई खेलको विषयमा आकर्षित गर्न पनि व्यावसायिक रूपमा चलचित्रको सफलता अनिवार्य रहेको बताउनुभयो।

"खेलकुदको विषयमा चलचित्र बन्नु आफैँमा नयाँ कार्य हो । अहिले खेलले पाइरहेको माया देख्दा आगामी दिनमा अन्य खेलाडी वा खेलकुदको विषयमा चलचित्र बन्छ जस्तो लागेको छ। तर, धेरैले व्यावसायिक नतिजा कसको आउला भनेर कुर्नुभएको छ, म पनि त्यसकै पर्खाइमा छु", कप्तान सुब्बाले भन्नुभयो । चलचित्र होलीको अवसर पारेर आउँदो फागुन २९ देखि नेपालसहित विदेशका केही स्थानमा प्रदर्शन हुने निर्माण पक्षले जनाएका छन्।

# आयोगका औचित्यताबारे पुनरावलोकन गर्ने बेला भएको छ : संविधानविद्हरु



काठमाण्डु । संविधानका जानकारहरुले राष्ट्रिय समावेशीलगायतका आयोग गठनको उद्देश्य र हालसम्म भएका कार्यप्रगतिको समीक्षाको खाँचो औँल्याउनुभएको छ ।

राष्ट्रिय सभाको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको सोमबारको बैठकमा राष्ट्रिय समावेशी आयोगका पूर्वअध्यक्ष डा रामकृष्ण तिमिल्सिनाले अन्य आयोग स्थापनाको उद्देश्य, हालसम्मको कार्य प्रगति र औचित्यताबारे पुनरावलोकन गर्ने बेला भएको बताउनुभयो । उहाँले भन्नुभयो, “राष्ट्रिय समावेशी आयोगलाई शक्तिशाली तुल्याइ अरुलाई त्यस मातहत रहने गरी राखेको खण्डमा खर्च, प्रभावकारिता, औचित्यको पुष्ट्याँइ हुन्छ ।”

समावेशी आयोगमा आवश्यक बजेट, कार्यक्रम र विशिष्ट श्रेणीको कर्मचारी व्यवस्थापन गर्न सके यसबाट सरकारलाई फाइदा हुने संविधानविद् तिमिल्सिनाको भनाइ थियो । यदि त्यसो नहुने हो भने आयोगका पदाधिकारी जिल्ला घुम्ने र बजेट खर्चमै मात्र सीमित हुने उहाँले बताउनुभयो ।

संविधानमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगलाई अरु आयोगका रुपमा राखिएको छ । आयोगमा राजनीतिक नियुक्तिबाहेक सशक्तिकरणका कार्यक्रम नहुँदा लक्षित समुदायका हकअधिकार स्थापित गर्ने सिलसिलामा सामाजिक, शैक्षिक र आर्थिक प्रगति हासिल हुन नसकेको विज्ञहरुको भनाइ थियो ।

संविधानविद् काशीराज दाहालले आयोगलाई सिफारिस र सुझावमा मात्र सीमित नतुल्याइ आर्थिक, भौतिक र जनशक्तिका हिसाबले सम्पन्न र शक्तिशाली बनाउन आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “कतै हुने खाने वर्गले मात्र सेवा सुविधा लिए कि भन्नेबारे समीक्षा, पुनःविचार र वर्गीकरण गर्नपर्छ, समावेशीका नाममा तरमारा वर्ग मात्रै आए भन्ने भनाइ छ ।”

संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता रामनारायण विडारीले आयोगले दिने वार्षिक प्रतिवेदन पूर्णरुपमा अध्ययन, समीक्षा र छलफलको सुरुवात गर्न संसदीय समितिलाई सुझाव दिनुभयो । उहाँले भन्नुभयो, “संसद् र संसदीय समितिले आयोगका वार्षिक प्रतिवेदन अध्ययन र छलफल गर्नुपर्छ । त्यो आजसम्म प्रभावकारी ढङ्गबाट हुन सकेको छैन । आयोग गठन प्रक्रिया, क्षमता, विज्ञताअनुसार काम भए नभएको जानकारी लिनुपर्छ ।” यसअघि समिति सदस्यहरुले आयोगका गतिविधि र भूमिकाप्रति पदाधिकारी नै सन्तुष्टि नदेखिएको जनाउँदै आयोगलाई कार्यकर्ता भर्ती केन्द्र बनाइनु नहुने धारणा राख्नुभयो ।

विगतमा आन्दोलनको व्यवस्थापनको बाटोकारुपमा आयोग गठन गरिएको बताउँदै उहाँहरुले असमानता र विभेदका विषयमा उठेका आवाजलाई उचित समाधान र सम्बोधन भएनभएको समीक्षा जरुरी भएको बताउनुभयो । सदस्यहरुले आयोगलाई समावेशी र शक्तिशाली तुल्याउन आवश्यक रहेको सुझाव दिनुभयो ।रासस

# आन्तरिक रोजगारी प्रवर्द्धन दशक घोषणा



काठमाण्डु । बाध्यकारी वैदेशिक रोजगारी अन्त्य गर्ने लक्ष्य लिएको सरकारले आगामी दशक (सन् २०२५-२०३५) लाई आन्तरिक रोजगारी प्रवर्द्धन दशक घोषणा गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा आयोजित ‘राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन-२०८१’को उद्घाटन सत्रमा सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीले रोजगारी प्रवर्द्धन दशक घोषणा गर्नुभयो ।

सो क्रममा सरकार र विभिन्न १० वटा निजी क्षेत्रका छाता सङ्गठनबीच युवा जनशक्तिलाई रोजगार सिर्जना र तालिम प्रदानका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ । समारोहमा राष्ट्रिय सीप विकास प्रतिष्ठान र कम्प्युटर एसोसिएसन महासङ्घ (क्यान), होटल सङ्घ नेपाल (हान), नेपाल निर्माण व्यवसायी महासङ्घ, नाडा अटोमोबाइल्स एसोसियन अफ नेपाल (नाडा), नेपाल तयारी पोसाक उद्योग सङ्घ, ग्रिल तथा स्टिल व्यवसायी महासङ्घ, नेपाल सुनचाँदी व्यवसायी महासङ्घ, एकोर इन्टरनेसनल ट्रेनिक प्रालि, ग्लोबल क्वालिफिकेसन र मदरल्यान्ड स्किल एकेडेमीबीच सोसम्बन्धी समझदारीमा हस्ताक्षर भएको हो ।

सोही अवसरमा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत एकीकृत श्रम बजार सूचना प्रणाली विस्तारका लागि श्रम तथा रोजगार मन्त्रालय र स्विस एजेन्सीबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले रोजगारी सिर्जना गर्न निजी क्षेत्रको असाधारण महत्त्व रहेको बताउनुभयो । रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्द्धन सरकारको उच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै उहाँले मुलुकको अर्थतन्त्रलाई निजी क्षेत्रले नेतृत्व गर्नुपर्नेमा जोड दिनुभयो ।श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले प्रत्येक वर्ष श्रम बजारमा आउने श्रम शक्तिलाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने तथा वैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउने सरकारको योजना रहेको बताउनुभयो ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले निजी क्षेत्रले जोखिम मोलेरै भए पनि मुलुकको अर्थतन्त्र वृद्धिका लागि योगदान गरेको उल्लेख गर्दै निजी क्षेत्रलाई प्रोत्साहन गर्ने सरकारको नीति रहेको स्पष्ट पार्नुभयो । “सरकारले नीतिगत सुधारका विभिन्न आयाम अघि बढाएको छ, त्यसको प्रतिबिम्ब अर्थतन्त्रमा देखिन थालेको छ,”, उहाँले भन्नुभयो, “रोजगारीको सुनिश्चितता, उद्यमशीलता प्रवर्द्धन र निराशा चिर्दै आशा जगाउन निजी क्षेत्रलाई प्रोत्साहित गर्नुपर्ने आवश्यकता ठानी नवीन कार्यक्रम अघि बढाइएको छ ।”

प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडाले बाध्यकारी वैदेशिक रोजगारी अन्त्य, अन्तरराष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी सीपमूलक जनशक्ति निर्यात, द्विपक्षीय श्रम सम्झौतामा सामाजिक सुरक्षाको सुनिश्चितता तथा दोहोर्‍याएर वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्ने सरकारको दृष्टिकोण रहेको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रलाई निरुत्साहित गर्ने खालका नीतिगत अस्पष्टता तत्काल हटाएर जानुपर्नेमा जोड दिनुभयो । “जब निजी क्षेत्रले निर्धक्क ढङ्गले उद्यमशीलता बढाउन सक्छ, तब मात्र रोजगारीका अवसर सृजना हुन सक्छन्”, उहाँले भन्नुभयो, “नीति निर्माण प्रक्रियामा रहेकाले यसतर्फ ध्यान दिनुपर्छ, तत्काल कानुन संशोधन गरी लगानीमैत्री वातावरण बनाउनुपर्छ ।

”संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)का अध्यक्ष जगत सिंह डाले श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि गर्न, सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन तथा श्रम ऐनका मजदुर विरोधी प्रावधान खारेजी गरेर असल श्रम सम्बन्धको वातावरण निर्माण गरिनुपर्ने बताउनुभयो ।

दुई दिनसम्म चल्ने सम्मेलनमा आन्तरिक रोजगारी सृजनाका लागि सम्भावित क्षेत्रको पहिचान र प्रवर्द्धन, नेपालमा रोजगार सेवा तथा सुविधाको विकास र विस्तार, श्रम आप्रवासन व्यवस्थापनका विविध आयाम, सूचना प्रविधिको विकासमा नेपालको सम्भावना र रोजगारी सृजना, वैदेशिक रोजगार प्राप्त ज्ञान, सीप र पुँजीलाई उत्पादन र उत्पादकत्व अभिवृद्धिमा प्रयोगलगायत विषयमा सामूहिक छलफल हुनेछ ।यसअघि सरकारले विसं २०५४, २०६१, २०६९ र २०७६ सालमा श्रम तथा रोजगार सम्मेलन आयोजना गरेको थियो ।रासस

# परराष्ट्रमन्त्री डा राणा भारत प्रस्थान

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवा धार्मिक भ्रमणको सिलसिलामा सोमबार भारत प्रस्थान गर्नुभएको छ । मन्त्री डा राणा भारतको झारखण्डस्थित बाबा बैद्यनाथ धाममा पूजाआजाका लागि पुग्नुहुने कार्यक्रम छ ।

मन्त्री डा राणालाई परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई र मन्त्रालयका उच्च अधिकारीहरुले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदाइ गर्नुभएको थियो । त्यसपछि मन्त्री डा राणा भारतको विदेश मन्त्रालयद्वारा यही मार्च १७ देखि नयाँ दिल्लीमा आयोजित राइसिना डायलगमा सहभागी हुनुहुनेछ । भारत सरकारको निमन्त्रणामा उक्त डायलगमा मन्त्री डा राणासहित विश्वका विभिन्न देशका प्रधानमन्त्री तथा विदेशमन्त्रीहरुको सहभागिता रहनेछ । सो कार्यक्रमलाई मन्त्री डा राणाले सम्बोधन गर्नुहुने कार्यक्रम रहेको छ । साथै यही भ्रमणकै क्रममा मन्त्री डा राणाले आफ्नो स्वास्थ्य जाँचको फलो अप पनि गराउनुहुने कार्यक्रम रहेको छ ।रासस

# निजी विद्यालयलाई सम्पत्तिको हक छ, ढुक्क भएर लगानी गर्नुस्: प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले सम्पत्तिको हक संविधानले नै दिएकाले ढुक्क भएर लगानी गर्न निजी विद्यालयललाई आग्रह गर्नुभएको छ ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) को १६औँ राष्ट्रिय महाधिवेशनको सोमबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले निजी विद्यालयलाई पाँच वर्षभित्र उद्योग होइन । अत्यधिक मुनाफा ननिकाल्नुस्,” प्रधानमन्त्री ओलीले भन्नुभयो, “लगानी गरेर स्वदेशमै गुणस्तरीय शिक्षा दिनुस् । दक्ष र कुशल नागरिक उत्पादन गर्नुस् । लगानी गरेपछि कानुनले नाफा लिन पाइन्न भन्दैन । सेवा दिनुस् तर तपाईंहरु जोगी पनि नहुनुस् ।”

प्रधानमन्त्री ओलीले देशभक्ति, स्वाधीनता, वीरताको इतिहास सिकाउन र अरूको



गुठीमा लानुपर्ने प्रस्ताव कसरी आयो भनेर आफू छक्क परेको बताउनुभयो ।

सरकारले शुल्क तिर्न नसक्ने बालबालिकालाई निःशुल्क शिक्षा दिने र यसमा निजी क्षेत्रको पनि साथ लिने उहाँले स्पष्ट गर्नुभयो । “शिक्षा क्षेत्रमा तपाईंहरु लगानी गर्नुस् । नियम, कानुनबमोजिम सम्पत्तिको हकको प्रयोग गर्नुस् । यो दान दक्षिणामा भर नपरी आफ्नै पाखुरामा विश्वास गर्न अभिप्रेरित गर्नेगरी अध्ययन अध्यापन केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो ।कार्यक्रममा प्रधानमन्त्री ओलीले प्याब्सन गौरव, प्याब्सन रत्न आदि सम्मानबाट पूर्वअध्यक्ष भोजबहादुर शाह, लक्ष्यबहादुर केसी, डा विजय सम्बाहाम्फेलगायतलाई सम्मान प्रदान गर्नुभयो ।रासस

# परिवर्तनकामी लोकतान्त्रिक शक्तिसँग सहकार्य गरिने

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी)को सचिवालय बैठकले मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि परिवर्तनकामी सबै लोकतान्त्रिक शक्तिसँग सहकार्य गर्ने निर्णय गरेको छ ।

पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा सोमबार बसेको बैठकले गणतन्त्रात्मक राज्यव्यवस्था समुन्नत बनाउन देशमा रोजगारी वृद्धि तथा समाजवादी वितरण प्रणाली कायम गर्न पार्टीले योजना निर्माण गर्ने निर्णय गरेको केन्द्रीय प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले जानकारी दिनुभयो ।

मुलुकको पछिल्लो राजनीतिक अवस्था, राजावादीले गरेको प्रदर्शन, पार्टीका गतिविधिबारे छलफल गरिएको बैठकमा देशभर सांगठनिक सुदृढीकरणका लागि सशक्त जनपरिचालनका कार्य योजनामा छलफल गरिएको थियो ।

समसामयिक राजनीतिक विषयवस्तु तथा अन्तरराष्ट्रिय राजनीतिक परिस्थितिबारे समीक्षा गरिएको बैठकमा पार्टीको दशौँ राष्ट्रिय महाधिवेशनबारे समीक्षा गरिएको थियो ।

बैठकमा पार्टी सदस्य विस्तार तथा जनवर्गीय सङ्गठनको कार्ययोजनाको समीक्षा गरिएको बैठकमा बामपन्थी शक्तिबीचको एकतालाई जोड दिने निर्णय गरिएको जनाइएको छ ।रासस

# ‘सूचनाले सत्य र वास्तविकताको नजिक पुर्‍याउँछ’



पाटन । बाग्मती प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले सूचनाले सत्य र वास्तविकताको नजिक पुर्‍याउँदै सही दिशामा हिँड्न सहयोग पुर्‍याउने विश्वास व्यक्त गर्नुभएको छ ।

प्रदेश सूचना पुनरावेदन समिति बाग्मती प्रदेशले सोमबार आयोजना गरेको सूचनाको हक प्रवर्द्धनसम्बन्धी अन्तरक्रियामा उहाँले सुशासन स्थापना गर्न सूचनाको हकको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै सूचनाको हक केवल कानुनी प्रावधानका लागि मात्रै नभएर नागरिकलाई सशक्तिकरण गर्ने महत्वपूर्ण माध्यम भएको बताउनुभयो ।

“लोकतन्त्रको बलियो जग पारदर्शिता र सहभागितामा अडिएको छ, प्रविधिमा आएको नवीनतम् विकासले सूचना बिना केही पनि नहुने अवस्था आएको छ, विगतमा सूचनाको पहुँच शासक वर्गमा मात्रै सीमित थियो, लोकतन्त्र र गणतन्त्र स्थापनासँगै पारदर्शिता र जवाफदेहिता तीनै तहका सरकारको प्राथमिकतामा परेको छ”, मन्त्री लामिछानेले भन्नुभयो । उहाँले सूचनाको हकले नीतिगत भ्रष्टाचारलाई रोक्न महत्वपूर्ण काम गर्ने बताउनुभयो ।

मानवअधिकारकर्मी सुदीप पाठकले मानिसका सबै अधिकारसँग सूचनाको हक जोडिएको भन्दै सूचनाको हकले लोकतान्त्रिक सरकारको सुशासन कायम गर्ने बताउनुभयो । उहाँले सूचनाको हकले नागरिकलाई अधिकारसम्पन्न बनाउँदै राज्यको व्यवस्थामा जानकारी राख्दै लाभ हासिल गर्न सहयोग पुर्‍याउने धारणा राख्नुभयो । राज्यले गरेका काम ठीक छनेर भनेर अवगत गराउनेमा पनि सूचनाको हक आवश्यक रहेको उहाँले बताउनुभयो ।

प्रदेश सूचना पुनरावेदन समिति प्रदेश अध्यक्ष हरिप्रसाद अधिकारीले सन् १७६६ मा स्विडेनबाट सुरु भएको सूचनाको हकसम्बन्धी व्यवस्था हाल १२९ देशमा कानुन नै बनाएर व्यवस्था गरिएको र ६२ देशले संविधानमा नै उल्लेख गरेर नागरिकप्रतिको जिम्मेवारी र जवाफदेही भूमिका निर्वाह गरिरहेको जानकारी गराउनुभयो ।

अधिकारीले नागरिकले सूचनाको हकअनुसार सूचना नपाउँदा राज्यको संयन्त्र र व्यवस्थाप्रति नै वितृष्णा पैदा हुने धारणा राख्नुभयो ।

उहाँले लोकतान्त्रिक व्यवस्थामा राज्यको जिम्मेवार तहमा बसेका सूचना अधिकारी र कार्यालय प्रमुखले नागरिकलाई सहज रुपमा सूचना उपलब्ध गराएर उनीहरुको आवश्यकतालाई पूरा गर्नुपर्नेमा जोड दिनुभयो ।

समितिका सदस्य कृष्ण सारु मगरले प्रदेश सरकारले ऐनले तोकेको क्षेत्रमा आधारित रहेर समितिले काम गरिरहेको जानकारी गराउनुभयो । उहाँले नेपालको संविधानमा उल्लेख भएको सूचनाको हक कार्यान्वयनका लागि काम गर्दै नागरिकमा सूचनाको पहुँच सहज रुपमा पुर्‍याउने अभिप्रायले बाग्मती प्रदेशमा ऐनअनुसार सूचना पुनरावेदन समिति गठन भएको बताउनुभयो ।रासस

# न्यायाधीशले विवेकपूर्ण तरिकाले न्यायपर्ने गरी निर्णय गर्नुपर्छ : प्रधानन्यायाधीश राउत



काठमाण्डु । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले न्यायाधीशहरूले विवेकपूर्ण तरिकाले न्यायपर्ने गरी काम गर्नुपर्ने बताउनुभएको छ । अन्तर र्राष्ट्रिय महिला न्यायाधीश दिवसका अवसरमा सोमबार ‘दोस्रो महिला न्यायाधीश सम्मेलन-२०८१’ को उद्घाटन गर्दै उहाँले महिला न्यायाधीशको गौरव गरिरहँदा न्यायालयको गरिमा र मर्यादालाई ध्यानमा राखेर काम गर्नुपर्ने बताउनुभयो ।

“महिला न्यायाधीशको उपस्थितमा गौरव गरिरहँदा न्यायको स्वच्छता, विवेकपूर्ण निर्णय जरूरी छ”, प्रधानन्यायाधीश राउतले भन्नुभयो, “न्यायको उपभोक्तालाई न्यायपर्ने गरी, न्यायालयको गरिमा र मर्यादालाई ध्यानमा राखेर काम गर्न जरूरी छ ।” उहाँले महिला न्यायाधीशलाई घर, परिवार, न्याय सम्पादनको काम गर्नुपर्ने जिम्मेवारी भए पनि मेहनत गरेमा निसन्देह सफलता हासिल हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपालको प्रथम महिला प्रधानन्यायाधीश सुशीला कार्कीले पछिल्लो तीन वर्षमा महिला न्यायाधीशको उपस्थित राम्रो हुँदै गएको र महिला न्यायाधीशमा क्षमता, साहस र अध्ययन जरूरी भएको बताउनुभयो । उहाँले न्यायिक निर्णय गर्दा न्याय पर्नेगरी निर्धक्क भएर गर्नुपर्ने र त्यसका लागि महिला न्यायाधीश अब्बल हुनुपर्नेमा जोड दिनुभयो ।

सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले न्यायको सेवा दिने बेलामा महिला न्यायाधीश मात्रै संवेदनशील हुन्छन्, भन्ने नभए पनि महिला न्यायाधीशको उपस्थित महत्त्वपूर्ण भएको बताउनुभयो । उहाँले क्षमताको प्रश्न आउँदा महिला न्यायाधीशको मात्रै बढी आउने भएकाले क्षमता अभिवृद्धि, अध्ययनमा बढी ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सर्वोच्च अदालतका न्यायाधीश तथा न्यायाधीश समाजका अध्यक्ष तिलप्रसाद श्रेष्ठले गुणस्तरीय न्यायका लागि यस्ता सम्मेलन जरूरी भएको र न्याय सम्पादनमा समेत सहज हुने बताउनुभयो ।

न्यायाधीश समाज नेपालका महासचिव टेकनारायण कुँवरले न्यायिक क्षेत्रमा महिला सहभागिता र न्यायालयमा लैङ्गिक समानता दिलाउन आवश्यक छलफल गर्ने उद्देश्यले सम्मेलनको आयोजना गरिएको जानकारी दिनुभयो ।

सम्मेलनमा ५० जना देशभर कार्यरत महिला न्यायाधीश र १० जना पूर्व प्रधानन्यायाधीश तथा न्यायाधीश गरी ६० जनाको सहभागिता रहेको छ । सम्मेलनमा प्रथम महिला प्रधानन्यायाधीश कार्कीलाई न्याय क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै प्रधानन्यायाधीश राउतले सम्मान गर्नुभएको थियो ।

सम्मेलनमा न्यायापालिकामा समावेशीता र महिला न्यायाधीशको प्रतिनिधित्व, चुनौती र सम्भावनाका विविध विषयमा छलफल भइरहेको छ । यसअघि, गत चैत ९ गते महिला न्यायाधीशहरूको प्रथम राष्ट्रिय सम्मेलन भएको थियो ।रासस

# वर्तमान व्यवस्थाको रक्षा गर्नु प्रमुख जिम्मेवारी हो : अध्यक्ष नेपाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मुलुकमा प्रतिगामी तत्वहरू सल्बलाउन थालेकाले परिवर्तनकारी शक्तिहरू एकताबद्ध हुनुपर्ने बताउनुभएको छ ।पार्टीद्वारा केन्द्रीय कार्यालय आलोकनगरमा सोमबार आयोजित कार्यक्रममा उहाँले जनताको लामो सङ्घर्षबाट प्राप्त अधिकार तथा वर्तमान व्यवस्थाको रक्षा गर्नु प्रमुख जिम्मेवारी भएको बताउनुभयो ।

सरकारले कार्यशैली सच्याएर गलत प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, “प्रतिगामी यथास्थितिवादीहरुले अहिले टाउको उठाउन थालेका छन् । सो विषयलाई पार्टीले गम्भीर रुपमा लिएको छ ।”केही समययता काठमाडौँ उपत्यकालगायत मुलुकका केही सहरहरूमा भइरहेका नाराजुलुसले सरकार मात्रै होइन, लोकतन्त्रमाथि नै प्रहार भइराखेको उहाँको भनाइ थियो ।

अध्यक्ष नेपालले लोकतन्त्रमाथिको प्रहार सह्य नहुने विचार व्यक्त गर्दै संविधान, लोकतन्त्रका साथै सङ्घीय गणतन्त्रको रक्षाका लागि सरकारलाई गम्भीर बन्न आग्रह गर्नुभयो । उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्र जनताको बलिदान तथा सङ्घर्षबाट प्राप्त भएकाले त्यसको रक्षाका लागि सबै एकताबद्ध हुनुपर्ने बताउनुभयो ।

अध्यक्ष नेपालले सङ्घीय लोकतन्त्रमाथि धावा बोलिरहेकाले जनता चनाखो हुनुपर्ने र संविधानको उल्लङ्घन गर्ने छुट कसैलाई पनि नरहेकामा जोड दिनुभयो ।रासस

# रुससँगको युद्ध अन्त्यका लागि अमेरिकासँग वार्ता गर्न युक्रेन तयार

एएफपी

किएभ ।रुससँगको युद्ध अन्त्य गर्नेबारे युक्रेनी र अमेरिकी अधिकारीहरूबीच मङ्गलबार हुने महत्त्वपूर्ण वार्ताको एक दिनअघि युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्की सोमबार साउदी अरब पुग्ने अपेक्षा गरिएको छ ।



तीन वर्षको द्वन्द्व समाधानका लागि मङ्गलबार हुने बहुप्रतीक्षित वार्तामा गत महिना जेलेन्स्कीको ह्वाइट हाउसको असफल भ्रमणपछि पहिलो पटक अमेरिकी र युक्रेनी अधिकारीहरू भेट्नेछन् ।जेलेन्स्कीले सोमबार देशको वास्तविक नेता साउदी क्राउन प्रिन्स मोहम्मद बिन सलमानलाई भेट्ने र त्यसपछि उहाँको टोली 'मङ्गलबार अमेरिकी टोलीसँगको बैठकका लागि बस्ने' बताउनुभयो ।रेड सी बन्दरगाह सहर जेद्दामा हुने वार्तामा अमेरिकी मध्यपूर्व दूत स्टिभ विट्कफले वासिङ्टन ' शान्ति सम्झौताका लागि एक ढाँचा र प्रारम्भिक युद्धविराम पनि पाउन चाहन्छ' भन्नुभएको छ ।

जेलेन्स्कीले युक्रेन 'रचनात्मक वार्ताका लागि पूर्ण रूपमा प्रतिबद्ध' रहेको तर आफ्नो हितलाई 'सही तरिकामा ध्यानमा राख्न' चाहेको बताउनुभएको छ ।"शान्ति नजिक ल्याउने र समर्थन जारी राख्ने दुवै सन्दर्भमा हामी परिणामको आशा गर्दछौँ", उहाँले आइतबार साँझ आफ्नो सम्बोधनमा भन्नुभयो ।अमेरिकी विदेशमन्त्री मार्को रुबियो सोमबार जेद्दा जानुहुने अमेरिकी विदेश मन्त्रालयले जनाएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्जले पनि उहाँको सहभागिताको पुष्टि गर्नुभएको छ।

**निरन्तर सम्पर्कमा**

जेलेन्स्कीले उहाँका वार्ताकारहरूमा विदेशमन्त्री एन्ड्री सिबिगा र रक्षामन्त्री रुस्टेम उमरोभ, उहाँका चिफ अफ स्टाफ एन्ड्री यर्मक तथा सैन्य कमान्डर एवं यर्मकका सहायक पावलो पालिसा समावेश हुने जानकारी दिनुभयो ।किएभ अमेरिकी टोलीसँग निरन्तर सम्पर्कमा रहेको उहाँले बताउनुभयो ।

वासिङ्टनले हाल राष्ट्रपति भ्लादिमिर पुटिनको आदेशमा सन् २०२२ फेब्रुअरीमा आफ्नो पूर्ण आक्रमण सुरु गरेको मस्कोसँग टेबलमा बाध्य पार्ने प्रयासमा युक्रेनलाई सैन्य सहायताका साथै गुप्तचर साझेदारी र स्याटेलाइट इमेजरीमा पहुँच निलम्बन गरेको छ ।

ट्रम्पले पुटिनसँग सञ्चार नवीकरण गर्नुभएको छ र जेलेन्स्कीको आलोचना गर्नुभएको छ । यसले किएभ र युरोपेली सहयोगीहरूमा ट्रम्पले रुसलाई फाइदा पुग्ने समझौता स्वीकार गर्न युक्रेनलाई बाध्य पार्न सक्नुहुन्छ भन्ने डर उत्पन्न गरेको छ ।

तर शुक्रबार ट्रम्पले युद्धको मैदानमा युक्रेनलाई 'प्रहार' गरेकोमा रुसमाथि थप प्रतिबन्ध लगाउनेबारे विचार गरिरहेको बताउनुभएको थियो ।युक्रेनका युरोपेली सहयोगीहरूले गत हप्ता जेलेन्स्कीसँग शिखर सम्मेलन आयोजना गरेका थिए र उनीहरूले रक्षा खर्च ठूलो मात्रामा बढाउने घोषणा गरेका थिए ।

बेलायत र फ्रान्सले युक्रेनका लागि समुद्र र हावामा युद्धविराम र युक्रेनको शक्ति सुविधाहरूमा रुसले गरेको बमबारी रोक्न प्रस्ताव गरेका छन् । जेलेन्स्कीका अनुसार युक्रेनी र बेलायती कूटनीतिज्ञहरूले सप्ताहन्तमा किएभमा वार्ता गरेका थिए ।ह्वाइट हाउसमा जेलेन्स्की र ट्रम्पबीचको सार्वजनिक विवादका कारण अमेरिकी नेताले माग गरेको खनिज सम्झौतामा हस्ताक्षर नगरी युक्रेनीहरू बाहिरिएपछि साउदी वार्ता आएको हो ।

पछि जेलेन्स्कीले घटनालाई 'दुःखदायी' भन्नुभयो र ट्रम्पको 'बलियो नेतृत्व' सँग काम गर्न तयार रहेको बताउनुभयो ।उहाँले रणनीतिक खनिज भण्डारको सम्झौतामा हस्ताक्षर गर्न तयार रहेको पनि बताउनुभयो ।विट्कफले ट्रम्पले जेलेन्स्कीबाट एक पत्र प्राप्त गर्नुभएको र त्यसलाई 'एक धेरै सकारात्मक पहिलो कदम' र 'एक माफी' भन्नुभएको बताउनुभयो ।

युक्रेनले साउदी अरबमा सम्झौतामा हस्ताक्षर गर्नेछ कि भनेर सोधिएको प्रश्नमा विट्कफले भन्नुभयो, "मलाई लाग्छ जेलेन्स्कीले यसमा हस्ताक्षर गर्ने प्रस्ताव राख्नुभएको छ र उहाँले यसलाई पालना गर्नुहुन्छ वा हुन्न भनेर हामी हेर्नेछौँ ।"

**शान्तिका लागि तयार छैन**

विट्कफले फेब्रुअरीमा जेलमा रहेका एक अमेरिकी शिक्षकको रिहाइका लागि मस्को भ्रमण गर्नुभएको थियो र पछि उहाँले पुटिनसँग धेरै समय कुरा गरेको र उहाँसँग 'सम्बन्ध विकास' गरेको बताउनुभएको थियो ।

ट्रम्प र जेडी भान्ससँगको जेलेन्स्कीको विवादास्पद भेटका क्रममा वाल्ट्ज ओभल अफिसमा हुनुहुन्थ्यो । उहाँले पछि फक्स न्युजलाई जेलेन्स्की 'शान्ति वार्ता गर्न तयार हुनुहुन्न' तर 'समय उहाँको पक्षमा छैन' भन्नुभएको थियो । सिएनएनसँगको अन्तर्वार्तामा वाल्ट्जले भन्नुभयो, "यदि जेलेन्स्कीको व्यक्तिगत प्रेरणा वा राजनीतिक प्रेरणा लडाइँ अन्त्य गर्नेबाट भिन्न छ... तब मेरो विचारमा हामीसँग वास्तविक समस्या छ ।"

**साउदी मध्यस्थकर्ता**

साउदी अरब रुस र युक्रेनसँग अमेरिकी कूटनीतिका लागि एक प्रमुख आयोजक बनेको छ ।रूसी विदेशमन्त्री सर्गेई लाभरोभ र रुबियोले गत महिना रियादमा भेट गरी संवाद पुनः सुरु गर्न र युक्रेन द्वन्द्वमा वार्ता सुरु गर्न सहमत हुनुभएको थियो ।जेलेन्स्कीले सन् २०२२ मा रुसको आक्रमणपछि साउदी अरबमा धेरै पटक भ्रमण गर्नुभएको छ तर गत महिना रुस-अमेरिका वार्तामा निमन्त्रणा नभएको भन्दै भ्रमण स्थगित गर्नुभएको थियो ।

सन् २०२२ मा रुसी नियन्त्रित युक्रेनमा रहेका पाँच कैदीलाई क्राउन प्रिन्ससँगको वार्तापछि आदानप्रदान गर्न रियाद लगिएको थियो ।पुटिनले क्राउन प्रिन्सले गत वर्ष 'जासुसी' गरेको आरोपमा रुसले जेलमा राखेका वालस्ट्रिट जर्नलका रिपोर्टर इभान गेर्शकोभिचको रिहाइ सुरक्षित गर्न पनि सहयोग गरेको बताउनुभयो ।

अमेरिकाको ऐतिहासिक मित्र, तेल-धनी राज्य साउदी अरब सन् २०१८ मा टर्कीमा असन्तुष्ट साउदी पत्रकार जमाल खशोग्गीको हत्यापछि अन्तर्राष्ट्रिय रूपमा अछूत बन्यो ।तर विट्कफले ट्रम्पको टोलीको 'साउदीहरूसँग साँच्चै राम्रो सम्बन्ध छ' भन्नुभयो ।

## प्रधानमन्त्री कप क्रिकेट :
# पुलिस क्लबद्वारा लुम्बिनी पराजित



भैरहवा । प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत नेपाल पुलिस क्लबले लुम्बिनी प्रदेशलाई पराजित गरेको छ । पुलिसले लुम्बिनीलाई ८७ रनले हराएको हो । रुपन्देहीको एक्स्ट्राटेक ओभल क्रिकेट रङ्गशालामा टस जितेर पहिला ब्याटिङ गरेको पुलिस क्लबले निर्धारित ५० ओभरको खेलमा ६ विकेटको क्षतिमा २४९ रन बनायो । दुई सय ५० रन बनाउने क्रममा लुम्बिनीको पारी १६२ रनमा समेटियो ।

पुलिसका लागि कुशल भुर्तेल र आरिफ शेखले अर्धशतकीय पारी खेले । भुर्तेलले ७५ बलको सामना गर्ने क्रममा ६ चौका र एक छक्काको मद्दतमा ५९ रन बनाए । यस्तै शेखले ७९ बल खेल्दै ५६ रन बनाए । यसमा उनको दुई छक्का समेत सामेल थियो । यसैगरी गुलशन झाले अविजित ३६, दिलिप नाथले ३४ तथा अमित श्रेष्ठले २२ रन बनाए । बलिङतर्फ लुम्बिनी प्रदेशका लागि कृष्ण कार्की र अजय चौहानले तीन तीन विकेट लिए ।

यस्तै लुम्बिनीका लागि १६२ रन बनाउने क्रममा प्रज्ज्वल थापाले अर्द्धशतकीय पारी खेले । उनले ७२ रन बनाए । थापाले ९४ बलको सामना गर्दै ७ चौका र एक छक्का प्रहार गरे ।

यस्तै मृनाल गुरुङले ३० तथा सलाहुद्दिन खानले १३ रन बनाए ।

बलिङतर्फ पुलिस क्लबका करण केसीले तीन तथा ललितनारायण राजवंशी र दीपेन्द्रसिंह ऐरीले दुई दुई विकेट लिए । सोमबारदेखि सुरु भएको प्रधानमन्त्री कप क्रिकेट सात पदेश र तीन विभागीय टोली सहभागी छन् । राउण्ड रोबिनका आधारमा खेलाइने प्रतियोगितामा अङ्कका आधारमा शीर्ष चार टोली सेमिफाइनल प्रवेश गर्नेछन् ।रासस

# प्रधानमन्त्री कप क्रिकेटमा आर्मी फराकिलो रन अन्तरले विजयी

भैरहवा । प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाल आर्मी क्लबले बागमती प्रदेशलाई फराकिलो रन अन्तरले विजयी भएको छ । आर्मीले बागमतीलाई १३४ रनले पराजित गरेको हो ।



रुपन्देहीको सिद्धार्थ क्रिकेट रङ्गशालामा टस जितेर पहिला ब्याटिङ गरेको आर्मी क्लबले निर्धारित ५० ओभरमा ८ विकेटको क्षतिमा २६२ रन बनायो ।

२६३ रनको लक्ष्य पछ्याएको बागमती पदेश २७ ओभरमा १२८ रनमा समेटियो । आर्मीका लागि सन्तोष कार्कीले अर्द्धशतकीय पारी खेले ।

उनले ९८ बलको सामना गर्दै १० चौका र एक छक्का हान्दै ७६ रन बनाए ।

यस्तै विनोद भण्डारीले ५० बल खेल्ने क्रममा ५ चौका प्रहार गरी अविजित ४७ रन बनाए । तिर्तराज दासले ३६, विवेक यादवले ३० र कुशल मल्लले २६ रन बनाए ।

बलिङतर्फ बागमती प्रदेशका लागि प्रतिश जिसी, राजन ढकाल र ईशान पाण्डेले दुई दुई तथा सोनु देवकोटाले एक विकेट लिए ।

बागमती प्रदेशका लागि ब्याटिङ गर्ने क्रममा विवेक मगरले अर्द्धशतकीय पारी खेले । उनले ५० बलको सामना गर्दै ५ चौका र ३ छक्काको सहयोगमा ५१ रन बनाए ।

यस्तै इशान पाण्डेले १९ र आषुतोष घिरैयाले १० रन बनाए । बलिङतर्फ आर्मीका लागि साहव आलमले चार तथा आकाश चन्दले तीन विकेट लिए । बागमतीले लगातार दोस्रो खेलमा हार बेहोरेको हो ।रासस

## प्रधानमन्त्री कप क्रिकेट :
# किरणको शतकको मद्दतमा सुदूरपश्चिम विजयी



घोराही । किरण ठगुन्नाको शतकीय पारीको मद्दतमा सुदूरपश्चिम प्रदेशले यहाँ जारी प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा गण्डकी प्रदेशलाई पराजित गरेको छ । सुदूरपश्चिमले गण्डकीलाई ६ विकेटले हराएको हो । यसअघि सुदूरपश्चिम पहिलो खेलमा कर्णाली प्रदेशसँग पराजित भएको थियो ।

दाङको लमही क्रिकेट रङ्गशालामा टस जितेर पहिला ब्याटिङ गरेको गण्डकी प्रदेशले निर्धारित ५० ओभरको खेलमा ८ विकेटको क्षतिमा २२० रन बनायो । दुई सय २१ रनको विजयी लक्ष्य सुदूरपश्चिमले ४३ ओभरमा चार विकेटको क्षतिमा पूरा गर्यो । सुदूरपश्चिमका ठगुन्नाले अविजित १२१ रन बनाए । उनले १०१ बल खेल्दै नौ चौका र ६ छक्का प्रहार गरे । यस्तै कप्तान नारायण जोशीले अविजित ३८, खडक बोहराले १९ तथा निश्चल क्षेत्रीले १८ रनको योगदान दिए ।

बलिङतर्फ गण्डकीका विपिन खत्री, अमृत गुरुङ, कमल परियार र अर्जुन कुमालले एक एक विकेट लिए ।

यसअघि २२० रन बनाउने क्रममा गण्डकीका लागि अर्जुन कुमाल र दिपक डुम्रेले अर्द्धशतकीय पारी खेले । दिपकले ७४ बल खेल्ने क्रममा तीन चौका र एक छक्का हान्दै ६० रन बनाए । यस्तै अर्जुनले ९५ बलमा ५७ रनको योगदान दिए । उनले यस क्रममा चार चौका र एक छक्का प्रहार गरे । यसैगरी सुदिप अर्यालले अविजित २३, दिनेश बुढामगरले १५ तथा अमृत गुरुङ र विपिन खत्रीले दश दश रनको योगदान दिए ।

बलिङतर्फ सुदूरपश्चिमका लागि शेर मल्लले तीन, नारायण जोशीले दुई तथा हेमन्त धामी, मिलन बोहरा र अर्जुन विकले एक एक विकेट लिए । सोमबारदेखि सुरु भएको प्रधानमन्त्री कप क्रिकेट सात पदेश र तीन विभागीय टोली सहभागी छन् । राउण्ड रोबिनका आधारमा खेलाइने प्रतियोगितामा अङ्कका आधारमा शीर्ष चार टोली सेमिफाइनल प्रवेश गर्नेछन् ।रासस

# दक्षिण कोरियाले अमेरिकासँग अभ्यास सुरु गरेपछि उत्तर कोरियाद्वारा क्षेप्यास्त्र प्रहार

एएफपी

सियोल । उत्तर कोरियाले सोमबार 'धेरै अपरिचित ब्यालेस्टिक मिसाइलहरू' प्रहार गरेको दक्षिण कोरियाको सेनाले जनाएको छ । सोही दिन सियोल र वासिङ्टनले फ्रिडम सिल्ड नामक प्रमुख वार्षिक संयुक्त सैन्य अभ्यास सुरु गरेका थिए ।

"हाम्रो सेनाले लगभग १३:५० (०४५० जिएमटी) मा ह्वाङहे प्रान्तबाट पश्चिम समुद्रमा प्रहार गरिएका धेरै अपरिचित ब्यालेस्टिक मिसाइलहरू पत्ता लगाएको छ", पहेँलो सागर भनेर पनि चिनिने समुद्रलाई उल्लेख गर्दै संयुक्त चिफ्स अफ स्टाफले भने, "हाम्रो सेनाले संयुक्त राज्य अमेरिकासँग निकट सहकार्यमा निगरानी बढाउनेछ र पूर्ण तयारी अवस्था कायम राख्नेछ ।"

संयुक्त राज्य अमेरिकाले दक्षिण कोरियामा दशौँ हजार अमेरिकी सैनिक राखेको छ र सहयोगीहरूले नियमित रूपमा संयुक्त अभ्यासहरू गर्छन् । यसलाई उनीहरूले रक्षात्मक प्रकृतिका रूपमा वर्णन गर्छन् ।तर त्यस्ता अभ्यासहरूले प्योङ्याङलाई प्रभावित पार्छ । अभ्यासहरूले तिनीहरूलाई आक्रमणको अभ्यासका रूपमा लिन्छ र नियमित रूपमा आफ्नै हतियार परीक्षणका साथ प्रतिक्रिया दिन्छ ।

यसअघि सोमबार आणविक-सशस्त्र उत्तर कोरियाले 'एक आकस्मिक एकल गोली' का साथ युद्ध भड्काउने खतराको चेतावनी दिँदै अभ्यासलाई 'उत्तेजक कार्य' का रूपमा निन्दा गरेको थियो ।"यो कोरियाली प्रायद्वीपमा गम्भीर अवस्थाको नेतृत्व गर्ने एक खतरनाक उत्तेजक कार्य हो, जसले आकस्मिक एकल गोलीको माध्यमबाट दुई पक्षबीच भौतिक द्वन्द्व निम्त्याउन सक्छ", कोरियन सेन्ट्रल न्यूज एजेन्सीका अनुसार प्योङ्याङको विदेश मन्त्रालयले भन्यो ।

संयुक्त अमेरिका-दक्षिण कोरिया 'फ्रिडम सिल्ड २०२५' अभ्यास सोमबारदेखि सुरु भएको छ र यसमा 'प्रत्यक्ष, भर्चुअल र क्षेत्र-आधारित प्रशिक्षण' समावेश हुनेछ । यो अभ्यास मार्च २० सम्म चल्ने विज्ञप्तिमा उल्लेख छ ।मार्च ६ मा अमेरिकी सेनासँगको संयुक्त प्रशिक्षण अभ्यासका क्रममा दुई दक्षिण कोरियाली वायु सेनाका लडाकू विमानले गल्तीले गाउँमा आठवटा बम खसालेपछि पछिल्लो अभ्यास आएको हो ।

उक्त घटनामा नागरिक र सैन्य कर्मचारीसहित करिब ३१ जना घाइते भएको दक्षिण कोरियाको सेनाले जनाएको छ ।प्योङ्याङ र सियोलबीचको



सम्बन्ध वर्षौंको सबैभन्दा न्यून विन्दुमा रहेको छ । उत्तर कोरियाले गत वर्ष संयुक्त राष्ट्रसङ्घीय प्रतिबन्धको उल्लङ्घन गर्दै ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण गरेको थियो ।सन् १९५०-१९५३ को द्वन्द्व शान्ति सन्धिमा नभई युद्धविराममा समाप्त भएदेखि दुई कोरिया प्राविधिक रूपमा युद्धमा छन् ।

ठूलो मात्रामा हुने फ्रिडम सिल्ड अभ्यासहरू सहयोगीहरूको सबैभन्दा ठूलो वार्षिक संयुक्त अभ्यासहरू मध्ये एक हो ।सोमबार आफ्नो बयानमा उत्तर कोरियाको विदेश मन्त्रालयले उक्त अभ्यासलाई ' आक्रामक र द्वन्द्वात्मक युद्ध पूर्वाभ्यास' भनेको छ ।

# ट्रुडोको उत्तराधिकारीका रूपमा कार्नी निर्वाचित



एएफपी

ओटावा । क्यानडाको लिबरल पार्टीले आइतबार मार्क कार्नीलाई दलको नेतामा निर्वाचित गरेको छ । सत्ताधारी दलको नेता निर्वाचित भएसँगै उहाँ प्रधानमन्त्री ट्रुडोको उत्तराधिकारीका रूपमा सरकारको पनि नेतृत्व गर्नुहुनेछ । केन्द्रीय बैङ्कका पूर्व गभर्नर कार्नीले संयुक्त राज्य अमेरिकाको राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वले क्यानडामाथि 'अँध्यारा दिन' को सुरूवात गरेको बताउनुभएको थियो ।

कार्नीले ' क्यानेडियाली कामदार, परिवार र व्यवसायहरूमाथि आक्रमण' गरेको आरोप लगाउँदै तत्काल अमेरिकी राष्ट्रपति ट्रम्पविरुद्ध कडा अडान लिनुभएको हो ।"हामी उहाँलाई क्यानडाका बिषयमा सफल हुन दिन सक्दैनौं", लिबरल पार्टीका निवर्तमान नेता प्रधानमन्त्री जस्टिन ट्रुडोको स्थानमा आगामी दिनमा पदभार ग्रहण गर्ने ५९ वर्षीय कार्नीले भन्नुभयो, "कार्नीले लामो समयसम्म काम नपाएको हुन सक्छ । अब उसको काम सुरू हुनेछ ।"क्यानडामा अक्टोबरसम्ममा चुनाव गरिसक्नुपर्ने छ तर केही हप्ताभित्रै मध्यावधि निर्वाचन हुन सक्छ । हालको जनमत सर्वेक्षणले विपक्षी कन्जरभेटिभ्सलाई थोरै मनपर्ने व्यक्तिका रुपमा प्रस्तुत गरेको छ।

ओटावामा पार्टी समर्थकहरूको विशाल भीडलाई सम्बोधन गर्दै कार्नीले ट्रम्पको नेतृत्वमा रहेको संयुक्त राज्य अमेरिकाले क्यानडालाई नियन्त्रण गर्न खोजिरहेको चेतावनी दिनुभयो ।

"अमेरिकीहरू हाम्रो स्रोत, हाम्रो पानी, हाम्रो भूमि र हाम्रो देश चाहन्छन्," उहाँले भन्नुभयो । "यो हामीले विश्वास गर्न नसक्ने तर देशले सामना गरिरहेको अँध्यारो दिन हो।

यसअघि बैङ्क अफ क्यानडा र बैङ्क अफ इङ्ल्याण्ड दुवैको नेतृत्व गरेका कार्नीले आफ्ना मुख्य प्रतिद्वन्द्वी ट्रुडोका पूर्व उपप्रधानमन्त्री क्रिस्टिया फ्रिल्यान्डलाई पराजित गर्नुभएको हो । करिब एक लाख ५२ हजार मत खसेकोमा कार्नीले ८५.९ प्रतिशत मत प्राप्त गर्नुभएको थियो । फ्रिल्याण्डलाई केवल आठ प्रतिशत मात्र भोट परेको छ । कार्नीले ट्रम्पको विरुद्धमा उभिने वाचाका साथ चुनाव प्रचार गर्नुभएको थियो ।

अमेरिकी राष्ट्रपति ट्रम्पले क्यानडालाई गाभ्ने र क्यानाडाको अर्थतन्त्रको प्राणको रूपमा रहेको द्विपक्षीय व्यापारलाई अस्तव्यस्त बनाउने कर वृद्धिका विषयमा बारम्बार सार्वजनिक धारणा राख्दै आउनुभएको छ । नतिजा घोषणा हुनुअघि बिदाइ समारोहलाई सम्बोधन गर्दै ट्रुडोले भन्नुभयो, "क्यानडाका नागरिकले हाम्रो छिमेकीबाट अस्तित्वको चुनौतीको सामना गरिरहेका छन् । आगामी नेतृत्वले यसको कुशलतापूर्वक समाधान निकाल्नेछ ।"

**"सबैभन्दा गम्भीर सङ्कट"**

ओटावाको चुनावी नतिजाको खुशीयाली मनाउँदै पार्टीका वफादार कोरी स्टिभेन्सनले भन्नुभयो, 'लिबरल पार्टीको भविश्यप्रति आशा जागेको छ।""हामीले अर्को चुनावमा टोरी नेता पियरे पोइलिभ्रेविरुद्ध प्रतिस्पर्धा गर्न सक्ने र डोनाल्ड ट्रम्पसँग सम्झौता गर्न सक्ने व्यक्ति छानेका छौं," उहाँले एएफपीसँग भन्नुभयो ।

लिबरल पार्टीको दलको नेता निर्वाचित भएपछि कार्नीले भन्नुभयो, "मेरो अनुभवले हामीलाई अमेरिकी राष्ट्रपतिको कुटनीतिक प्रतिरोध गर्न र आफूलाई क्यानडाको एक अनुभवी आर्थिक सङ्कट प्रबन्धकको रूपमा उभ्याउन सफल बनाउनेछ । उहाँले सनु २००८/००९ को वित्तीय सङ्कटको माध्यमबाट बैङ्क अफ क्यानाडा र बैङ्क अफ इङ्ल्याण्डलाई २०१६ को ब्रेक्जिट मतदानपछिको उथलपुथलको माध्यमबाट नेतृत्व गर्नुभएको थियो ।

एङ्गस रिडले बुधबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार क्यानडेलीहरूले कार्नीलाई ट्रम्पविरुद्ध प्रतिस्पर्धा गर्न मनपर्ने विकल्पको रूपमा हेर्छन्, जसले सम्भावित रूपमा लिबरलहरूलाई विपक्षी कन्जरभेटिभहरूभन्दा बढी विश्वास रहेको पुष्टि गर्छ । एक सर्वेक्षणमा सहभागीमध्ये ४३ प्रतिशत उत्तरदाताले ट्रम्पसँगको सम्झौताका लागि कार्नीलाई सबैभन्दा बढी विश्वास गरेको बताएका छन् भने ३४ प्रतिशतले पोइलिभ्रेलाई समर्थन गरेका छन् ।

जनवरीमा ट्रुडोले राजीनामा दिने घोषणा गर्नुअघि लिबरलहरू चुनावी सफायातर्फ अघि बढिरहेका थिए, तर नेतृत्व परिवर्तन र ट्रम्पको प्रभावले नाटकीय रूपमा दौडलाई कडा बनाएको छाओटावामा पूर्व सांसद फ्रान्क बेलिसले एएफपीसँग भन्नुभयो, "मलाई लाग्छ कि हामीलाई लगभग चार महिना अघि नै जानकारी भइसकेको थियो र अब हामी जहाँ हुनुपर्ने थियो, त्यहीँ फर्किसकेका छौं।"

# चैते धान रोप्दै



हेटौँडा । मकवानपुरको मनहरी गाउँपालिका लोपोन्मुख वनकरिया समुदायले चैते धान रोप्न सुरू गरेका छन् । डेढ दशक अगाडिसम्म खेतीपाती नगर्ने फिरन्ते यो समुदाय हाल खेतीपाती र पशुपालनमा व्यस्त हुन थालेका हुन् ।

खेतमा धान राप्दै गर्नुभएकी सुन्तली वनकरियाले हरेक वर्ष करिब पाँच क्विन्टल चैते धान भित्र्याउने गरेको बताउनुभयो । उहाँका अनुसार पानी कम हुने भएकाले जम्मा तीन कठ्ठामा मात्र चैने धान रोप्ने गर्नुभएको छ भने समुदायमा सबैले करिब आफ्नो जग्गाको आधा जग्गामा मात्र चैते धान रोप्ने गरेका छन् ।

चैते धानले उक्त समुदायलाई चार महिना सजिलै पुग्ने सुन्तलीको भनाइ छ । उहाँ भन्नुहुन्छ, "हाम्रो सासू, ससुराले धान रोप्ने गर्नुहुन्थ्यो, किनकी उहाँहरू जङ्गलमा बस्ने गर्नुहुन्थ्यो, तर अहिले हामीलाई करिब खान पुग्ने खेती हामी गर्छौं", उहाँ थप्नुहुन्छ, "हामी धान, मकै, आलु र तरकारीखेती गर्छौं, भैँसी र बाख्रा पालेका छौँ ।" उहाँको दुई छोरा, श्रीमान्सहित चार जनाको परिवार छ । खानका लागि खेतीले पुग्ने र बच्चा पढाउन र अन्य खर्चको जोहो गर्न भने कमाउन जानुपर्ने बाध्यता रहेको उहाँ बताउनुहुन्छ ।

त्यसैगरी चार छोरी र तीन छोरासहित ठूलो परिवार रहेको विष्णु वनकरिया पनि अहिले चैते धान रोप्न व्यस्त हुनुहुन्छ । उहाँको हालको दैनिकी आफ्नो खेतमा धान रोप्ने मात्र होइन समुदायका सदस्यकामा मेलापर्म गरेर बित्ने गरेको छ । बाहिरबाट काम गर्नको लागि कोही पनि नबोलाउने भएका कारण उहाँहरू एक अर्काको पर्म गर्ने गरेको उहाँ बताउनुहुन्छ ।

समुदायकी मुखिया सन्तमाया वनकरियालाई पनि चैते धान रोप्न भ्याइनभ्याइ छ । उहाँ बिहान सबेरै उठेर बीउ काट्ने गर्नुहुन्छ । बालबालिका विद्यालय गइसकेपछि पालैपालो धान रोप्ने गरेको उहाँ बताउनुहुन्छ । जेटिए अध्ययन गरेर गाउँमा नै सेवा गरिरहनुभएकी सन्तोषी वनकरियालाई अहिले रोपिरहेको धान भित्र्यादाको खुसीभन्दा पनि धान रोपिरहेको जमिनको स्वामित्व स्थायीरूपमा हस्तान्तरण नभएको चिन्ता लाग्ने गरेको छ । आफू वनमा जन्मेको भए पनि बालापन बिताएको उक्त बस्तीको जमिन आफूहरूको लागि तत्कालीन अवस्थामा बीस वर्षलाई मात्र दिएको र उक्त समय सकिन लागेको कारण आफू चिन्तित भएको उहाँको भनाइ छ ।

उहाँका अनुसार समुदायलाई विसं २०६२ मा तत्कालीन जिविसले सामुदायिक वनको छेउमा २० वर्षको लागि जग्गा दिएर बस्ती बसाएको करिब १९ वर्ष भएको छ ।

वनमरिया समुदायले १८ वर्ष अगाडिसम्म खेती गर्न नजानेको र बालबालिकालाई पनि गाईभैँसीको दूध खुवाउने चलनसमेत नभएको समुदायकी मुखिया सन्तमायाको भनाइ छ ।रासस

# सीप अनुसारको रोजगारी नहुँदा विदेशिँदै युवा



कमलामाई ।सदरमुकाम सिन्धुलीमाडी बजार शान्त छ । बसपार्क छेवैका चियापसलमा भने थोरै चहलपहल देखिन्छ । गाउँ सुनसान पारेर शहरमा भविष्य खोज्न हिँडेका केही युवा हतारोमा छन्, कोही गफमा मस्त । चिया पसलकै एउटा कुनामा भेटिनुभयो पुजन बस्नेत ।

उहाँ तीनपाटन गाउँपालिका-११, कन्याखोलाका बासिन्दा हुनुहुन्छ । २२ वर्षीय बस्नेतले सूचना तथा प्रविधि (आइटी)मा स्नातक गर्नुभएको छ । उहाँसँग वेबसाइट डिजाइन गर्ने, मोबाइल एप बनाउने, ग्राफिक्स डिजाइन र भिडियोग्राफी गर्ने सीप छ । तर सीप अनुसारको काम र कमाइ छैन ।

बस्नेतले जिल्लामै केही गर्ने सोचले साथीसँग मिलेर व्यवसाय गर्ने प्रयास गर्नुभयो । तर लगानीको अभावले सम्भव भएन । बैङ्कले कर्जा पत्याएन, परिवारको आर्थिक अवस्था कमजोर थियो ।

उहाँले भन्नुभयो, "लगानी छैन । विना धितो बैङ्कले कर्जा दिँदैन । त्यही भएर अब विदेश गएर पैसा कमाउँछु, अनि फर्केर व्यवसाय गर्छु भन्ने सोचेको छु ।" रोजगारीका लागि विदेशिने निर्णय उहाँको रहर नभएर बाध्यता हो । त्यसो त उहाँले स्थानीय तहमा 'आइटी अफिसर'का लागि धेरै ठाउँमा आवेदन दिनुभएको थियो । १५ पटक परीक्षा दिनुभयो । लिखितमा नाम निस्कियो, तर मौखिकमा निस्किएन ।

हुन त पुजनले जिल्लास्थित एक संस्थामा काम गरिरहनु भएको छ । तर श्रमअनुसारको पारिश्रमक नपाउँदा उहाँमा नैराश्यता छाएको छ । विहानदेखि रातीसम्म काम गर्दा पनि रु १० हजार मासिक तलब समयमा नपाउने गरेको उहाँको गुनासो छ ।

यो केवल बस्नेतको कथा मात्र होइन । उहाँ जस्ता धेरै युवाहरु यही बाध्यताले विदेशिँदा जिल्लाका ग्रामीण क्षेत्रमा पानी भर्ने, खेतबारीमा काम गर्ने, गाउँलाई उज्यालो बनाउने, बिरामी पर्दा बुबाआमाको स्याहार गर्ने युवा देखिन छाडेका छन् ।

बिबिएस दोस्रो वर्षमा अध्ययनरत २१ वर्षीया सविना दनुवार पनि यस्तै दोधारमा हुनुहुन्छ । उहाँ पढाइलाई निरन्तरता दिने वा अधुरै छाड्ने भन्ने अन्योलमा हुनुहुन्छ ।

"घरको अवस्था दयनीय छ । जागिर छैन । दैनिक खर्च चलाउन गाह्रो छ । अब पढाइ छोडेर विदेश जाने सोच्दैछु," सविनाले भन्नुभयो । सविनाका साथीमध्ये कोही अस्ट्रेलिया, कोही दुबईमा छन् । उनीहरूसँग कुराकानी हुन्छ । विदेश गएर दुःख गरे यहाँभन्दा कमाई राम्रै छ, भन्ने भनाइले सविनालाई त्यही बाटो रोज्न बाध्य बनाइरहेको छ ।

पुजन र सविना त प्रतिनिधि पात्र मात्रै हुन् । जिल्लामा सञ्चालित विदेश पठाउने कन्सलटेन्सीमा विद्यार्थीको भीड हेर्ने हो भने सहजै अनुमान गर्न सकिन्छ की जिल्लाका थुप्रै युवा रोजगारीको खोजीमा विदेश जाने तरखरमा छन् ।

जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट गएको पाँच वर्षमा २८ हजार ६५२ युवाले राहदानी बनाएको देखिन्छ । आर्थिक वर्ष ०७७ देखि ०८१ माघ १३ सम्म उक्त सत्र्यामा राहदानी बनाएका हुन् ।

वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई सूचना, परामर्श, सीप विकास, कानुनी सहायता, मनोसामाजिक परामर्श र वित्तिय साक्षरता प्रदान गर्दै आएको सुरक्षित आप्रवासन परियोजना, सिन्धुलीका संयोजक विजय दाहालकाअनुसार गएको दुई वर्षमा वर्षेनी १० हजार युवा जिल्लाबाट विदेशिएका छन् । वैदेशिक रोजगार र पढाइको सिलसिलामा विदेशिएका ती युवाको तथ्याङ्क जिल्ला प्रशासन कार्यालय र सुरक्षित आप्रवासन केन्द्रमा हुने गरेको भएपनि फर्किएकाको तथ्याङ्क सम्बन्धित निकायसँग छैन ।

सुरक्षित आप्रवासन केन्द्र, सिन्धुलीकाअनुसार १६ वर्ष यता रोजगारीका लागि विदेश गएकामध्य १५१ जनाको विभिन्न कारणले उतै मृत्यु भएको छ । ११ वर्ष यता ५१ जना बिरामी र काम गर्ने सिलसिलामा अङ्गभङ्ग भइ फर्किएका छन् ।

यसरी फर्किनेमा विदेश जाँदा लागेको ऋणसमेत तिर्न नसकेका रहेको पाइएको छ ।

नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि मुकेश घिमिरेकाअनुसार, सरकारले सीप भएकासमेतलाई उचित अवसर प्रदान गर्न सकेको छैन । स्थानीय सरकारले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न विशेष कार्यक्रम सञ्चालन गरेको पाइँदैन ।रासस

# फलफूल बगैँचामा यसवर्ष ढिलो फूल फुल्दा...



मुस्ताङ । मुस्ताङमा शीतोष्ण फलफूल बगैँचाका बोटमा झपक्कै फूल फुलका छन् । घरपझोङ-२ मार्फामा रहेको शीतोष्ण बागवानी विकास केन्द्रका विभिन्न प्रजातिका फलफूल बोटहरु यतिखेर फूल फुलेर सेताम्मे भएका हुन् । विगतका वर्षहरुमा भन्दा यसवर्ष केही हप्ता ढिलो गरी शीतोष्ण फूलहरु फुल्न थालेको हुन् ।

मुख्य रुपमा मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्रले शीतोष्ण हावापानीमा उत्पादन हुने फलफूल तथा तरकारीको उत्पादन, बीउ तथा बिरुवा उत्पादन गर्ने कार्य गर्दै आइरहेको छ । जिल्लामा स्याउखेतीको विकास समेत यही केन्द्रले सुरुआत गरेको थियो । मुस्ताङको त्यही केन्द्र हो, जसले यहाँ विभिन्न जातजातका फलफूलको बीउ तथा बिरुवा उत्पादनका साथै फलफूल उत्पादनमा समेत जोड दिइरहेको छ । मुस्ताङका कृषकहरुको आर्थिक विकासमा टेवा पुऱ्याउन र फलफूल तथा तरकारीखेतीको विकास गरी यहाँका किसानको जीवनस्तर सुधार गर्न केन्द्रले दिँदै आइरहेको योगदान अतुलनीय छ ।

वसन्त ऋतुको आगमनको सुरुआतसँगै यहाँका शीतोष्ण फलफूलका बोट झपक्कै फूल फुल्न थालेका हुन् । केन्द्रले उत्पादन गर्ने हाईचिलिङ जात अर्थात् अत्यधिक चिस्यानको आवश्यकता पर्ने कागजी बदाम, आरु, आरुबखडा र खुर्पानीलगायतका फलफूल बोटमा विस्तारै फूल फुलेर मुस्कुराउन थालेका छन् । यसरी बढी मात्रामा अत्यधिक चिस्यान चाहिने फलफूलका बोटमा फूल फुलेर धपक्कै हुँदा केन्द्रमा पुगेर अवलोकन गर्ने पर्यटक मोहित हुने गरेका छन् । तर, यहाँका स्याउ बोटहरुमा चैत्र महिनाको अन्तिम वा वैशाख महिनामा मात्रै फूल फुल्ने क्रम सुरु हुने केन्द्रले जनाएको छ । जिल्लाको बागवानी विकास केन्द्र र अन्य किसानले उत्पादन गर्ने यसप्रकारको अधिकांश जातका फूल फुल्ने चरणमा रहेको केन्द्र प्रमुख पद्मनाथ आत्रेयले जानकारी दिनुभयो । केन्द्रमा उत्पादन हुने अधिकांश जातहरु हाईचिलिङअर्थात् अत्यधिक चिस्यानको आवश्यकता पर्ने फलफूलहरु रहेको उहाँले भनाइ छ । उहाँले यसप्रकारका हाईचिलिङ जातका फलफूल बोटलाई आठ सयदेखि एक हजार घण्टासम्म चिस्यानको आवश्यक पर्ने बताउँनुभयो ।

> यसरी बढी मात्रामा अत्यधिक चिस्यान चाहिने फलफूलका बोटमा फूल फुलेर धपक्कै हुँदा केन्द्रमा पुगेर अवलोकन गर्ने पर्यटक मोहित हुने गरेका छन् । तर, यहाँका स्याउ बोटहरुमा चैत्र महिनाको अन्तिम वा वैशाख महिनामा मात्रै फूल फुल्ने क्रम सुरु हुने केन्द्रले जनाएको छ ।

केन्द्रमा उत्पादन हुने मुख्य फलफूल जातहरुमा कागजी बदाम ने प्लस अल्ट्रा जातको फलफूलअन्तर्गत पर्दछ । यी मुख्य फलफूलअन्तर्गत आरु फलफूलमा एक अर्ली रेड जात र अर्को ओराइन जातअन्तर्गत पर्दछ । आरुबखडा, मिथ्ले र सान्तारोजा जातमा पर्छ । खुर्पानी सक्करपारा जातमा पर्दछ । केन्द्र प्रमुख आत्रेयले केन्द्रमा मुख्यगरी पाइने यसप्रकारको जात महत्वपूर्ण जातको रुपमा रहेको जानकारी दिनुभयो ।

समुद्री सतहदेखि एक हजार आठ सय मिटर उचाइदेखि करिब तीन हजार मिटरसम्मको उच्च भूगोलमा उत्पादन हुने यसप्रकारका फलफूलमा पछिल्लो समय जलवायु परिवर्तनको असरले प्रतिकूल बनाउन थालेको केन्द्र प्रमुख आत्रेयले खलाउनुभयो । "जलवायु प्रभावले जमिनको तापमान वृद्धि भइरहेकाले फूल फुल्ने क्रम केही छिटो होकी भन्ने अनुभूति गरेका छौ", केन्द्र प्रमुख आत्रेयले थप्नुभयो, "बर्सेनि मुस्ताङको तल्लो क्षेत्रमा उत्पादन हुने यसप्रकारका फूलफूल जातहरु माथि माथि सर्दै जान थालेको छ ।" उहाँले अनुकूल समयमा एकदुई फेरि आंशिक हिउँ पर्ने र तुषारोका कारण घरपझोङको मार्फा र जोमसोम क्षेत्रमा यसको असर पर्न थालेको बताउनुभयो । केन्द्रले बर्सेनि गुणस्तरीय बिरुवा उत्पादन गर्ने र यसप्रकारका जातलाई प्रशोधित वस्तु तयार गरी बिक्री वितरण गर्ने काम गदैआइरहेको जानकारी दिनुभयो ।

केन्द्रले खुर्पानीको फलबाट प्रशोधित गरी ब्रान्डी, जाम र सुकुटी तयार गर्ने गरेको छ । यसैगरी आरुबखडाको वाइन बनाउने गरिएको छ । आरुको ताजा फल बिक्री गर्ने र कागजी बदामको बिरुवा उत्पादन गर्ने काम केन्द्रले गर्दैआइरहेको केन्द्र प्रमुख आत्रेयले उल्लेख गर्नुभयो ।रासस

# किसान आलु थन्क्याउन व्यस्त



रामपुर । खेतबारीमा किसानहरु आलु खन्ने काममा व्यस्त छन् । आलु खन्ने र उत्पादित आलु घरघरमा थन्क्याउने कार्य भइरहेका छन् । व्यावसायिक उत्पादनका लागि आलु लगाएका किसानले खेताला लगाएर आलु खन्ने काम गरिरहेका छन् ।

एकै पटक आलु उत्पादन भएपछि दिनभर खेताला लगाएर आलु खन्ने कार्य भएको पाल्पा रामपुरका युवा सुशील ढुङ्गाना बताउनुहुन्छ । उहाँले रामपुर-५ सानीअमराई बहखोला खेतमा करिब आठ रोपनी खेतमा आलु लगाउनुभएको छ ।

"शनिबार र आइतबार दुई दिनसम्म १६/१७ जनाले आलु खन्ने काम भएको छ", उहाँले भन्नुभयो, "एकै पटक उत्पादन हुने हुनाले परिवारले मात्रै खनेर नसकिने भएपछि खेताला खोजेर आलु खनिएको छ ।" उहाँले यस पटक चार क्विन्टल आलु लगाउनुभएको छ । उत्पादन राम्रै भएकाले आलुखेतीबाट उत्साहित हुनुहुन्छ । यो वर्ष करिब ५० क्विन्टल आलु उत्पादन हुने उहाँको अनुमान छ । रामपुर बेभ्फाड बजारमा व्यवसाय सञ्चालन गर्नुभएका ढुङ्गानाले घरमा कृषि कार्यमा जोड दिँदै आउनुभएको छ । शनिबार पसल बन्दको समय पारेर खेताला खोजेर आलु खन्न सुरु गरेको उहाँले बताउनुभयो ।

"आलु खन्ने काम भएको छ, फल राम्रो लागेकाले उत्पादन राम्रो छ, खेतमा दिनभर खेतालाबाट आलु खन्ने र साँझमा घरमा थन्क्याउने कार्यले एउटा आलु उत्सवजस्तै लागेको छ, घरका कोठाहरु अहिले आलुले भरिएका छन्, यो देख्दा रमाइलो लागेको छ, पसलमा काम नभएको समयलाई सदुपयोग गर्दै घरमा कृषि कार्य तथा पशुबस्तुको स्याहारमा व्यस्त हुन्छु, फुर्सदको समय मैले खेर फालेको छैन", उहाँले भन्नुभयो ।

उहाँले खुमलटार रातो जातको आलु लगाउनुभएको छ । बाउबाजेको पालादेखि नै आलुखेती गर्दै आएको उहाँ बताउनुहुन्छ । पहिलापहिला घरायसी प्रयोजनका लागि मात्रै आलु लगाउने गर्नुहुन्थ्यो । हिजोआज भने बिक्रीका लागि उन्नत जातका आलु लगाउन थाल्नुभएको छ । रामपुर नगरपालिकाले शीतभण्डार निर्माण गरेपछि उहाँले व्यावसायिक उत्पादनमा जोड दिनुभएको हो । भण्डारण गर्न अन्यत्र लैजानु नपर्ने, आफ्नै गाउँ ठाउँमा भण्डारणको राम्रो सुविधा भएपछि व्यावसायिक ढङ्गबाट खेती गर्न थालेको ढुङ्गानाले बताउनुभयो ।रासस


## साना किसान कृषि सहकारी संस्था लि.
धनुषाधाम, धनुषा

## भाखा नाघेको ऋण बुझाउने बारे ३५ दिने सार्वजनिक सूचना

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी/सदस्यहरुले निम्न कार्यका लागि पटक पटक गरी ऋण लिई हालसम्म नबुझाई भाखा नघाएको निम्नानुसारको रकम बुझाउने सम्बन्धमा संस्थाबाट पटक पटक लिखित तथा मौखिक तर ताकेता गरिएको हो । निजहरु आफैँबाट ऋण तिर्न गरिएको कबुलियत तथा ऋण लिदाँ र समूह गठन गर्दा पालन गर्न मञ्जुर गरेका सर्तहरु समेत भंग गरी ऋणको सावाँ, ब्याज तथा हर्जाना समेत नबुझाएको हुदाँ यो सूचना प्रकाशित भएको मितिले ३५ दिभित्र यस संस्थामा आई ऋण बुझाउन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित मितिभित्र पनि ऋण बुझउन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, निज ऋणी सदस्यले कर्जा लिदाँ गरिदिएको लिखित तमसुक तथा यस संस्थाको कर्जा लगानी तथा असुली सम्बन्धी आन्तरिक कार्यविधिअनुसार ऋण लिँदा संस्थालाई लेखि दिएको धितो लिलाम/बिक्री वा अन्य व्यवस्था गरी संस्थाको लिनुपर्ने रकम असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ । साथै तपसिलमा उल्लेखित व्यक्तिहरुलाई निम्न उल्लेखित ऋण लिँदा आफ्नो जायजेथा मञ्जुरीनामा दिनेहरुलाई उल्लेखित व्यहोराको जानकारी यसै सूचनाद्वारा गराइएको छ । ऋण नतिर्ने ऋणी/सदस्यहरुलाई कालो सूचीमा वा धितो लिलामीको कारबाही अगाडी बढाईने व्यहोरा समेत सूचित गराईन्छ ।

**तपसिल**

| क्र.स. | ऋणीको नाम | समूह नं. | ठेगाना | पति वा पत्नीको नाम | बाबुको नाम | बाजे/ससुराको नाम | कर्जाको उद्देश्य | सावाँ | २०८१ फागुनसम्मको ब्याज, हर्जना जम्मा | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जुरीनामा दिने वा जमानत बस्नेका नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रन्जीता कुमारी यादव | २१४ | धनुषाधाम- ०४ | शुरेशलाल यादव | | रौदिया यादव | तरकारीखेती | ५,५९,९८९। | २,४६,१३२। | ८,०६,१२१। | शुरेशलाल यादव |
| २ | सिमो देवी | २७२ | धनुषाधाम- ०४ | पुल्कीत यादव | विसुनदेव यादव | केवल यादव | पशुपालन | ९,००,०००। | १,२४,३१२। | १०२४३१२। | अनुपिया देवी |
| ३ | फुलो देवी यादव | १९० | धनुषाधाम- ०४ | नवल यादव | किसुन यादव | रामकिसुन यादव | | ५,००,०००। | ३,५१,९१८। | ८५१९१८। | फुलो देवी यादव |
| ४ | नवल यादव | १३३ | धनुषाधाम- ०४ | फुलो देवी | रामकिसुन यादव | वितो यादव | व्यापार | ५,५५,८१७। | ३,४६,२०६। | ९०२०२३। | फुलो देवी यादव |
| ५ | रिता देवी धानुक | ०२७ | धनुषाधाम- ०३ | सत्यनारायण मण्डल | | रामअसिस मण्डल | व्यापार | ५,००,०००। | १,६८,०८७। | ६६८०८७। | रिता देवी धानुक |
| ६ | निर्मला ठाकुर | २३२ | धनुषाधाम- ०३ | विसुनदेव ठाकुर | | दशरथ ठाकुर | व्यापार | ४,९९,८९९। | | | निर्मला ठाकुर |
| ७ | लक्षो देवी कापर | २९७ | धनुषाधाम- ०३ | विजय कुमार केवट | मधुरी कापर | असर्फी केवट | व्यापार | ५,०५,४७२। | २,७३,६५२। | ७,७९,३९४। | लक्षो देवी कापर |
| ८ | रन्जीता देवी | २३० | धनुषाधाम- ०४ | रामसिस यादव | बैजनाथ यादव | विल्टु यादव | व्यापार | ४,९९,९७९। | ३,०७,५६६। | ८,०७,५४५। | रन्जीता देवी |
| ९ | अनार देवी मुखिया | २३६ | धनुषाधाम- ०३ | महादेव मुखिया | अबधी मुखिया | भगिरथ मुखिया | व्यापार | २,५०,६६९। | १,१०,०६७। | ३,६०,७३६। | अनार देवी मुखिया |
| १० | रेखा मुखिया | २३६ | धनुषाधाम- ०३ | प्रमोद मुखिया | लटु मुखिया | महादेव मुखिया | व्यापार | २,४९,४८५। | १,२६,११०। | ३,७५,५९५। | महादेव मुखिया |

साना किसान कृषि सहकारी संस्था लि.
धनुषाधाम, धनुषा

# न्यायको माग्दै आत्मदाहको प्रयास




**अनिल तिवारी**

वीरगञ्ज । पर्साको जिल्ला प्रशासन कार्यालय आगाडि एक मिटरब्याजी पीडित पुरुषले आत्मदाहको प्रयास गरेका छन् । बारा पचरौता नगरपालिका वडा नम्बर ४ घर भइ वीरगञ्ज- २४ स्थित रामगढवाका अन्दाजी ६० वर्षीय बृजकिशोर प्रसाद साहले सोमाबार दिउँसो आत्मदाहको प्रयास गरेका छन् । उनी जिल्ला प्रशासन कार्यालय प्रागंणमै आत्मदाहको प्रयास गरेका हुन् । साहले किरा मार्ने विषादी सेवन गर्नुका साथै शरीरमा पेट्रोल छर्केर आगो लगाउने प्रयास गरेका थिए ।

समयमै आगो लगाउनबाट ड्युटीमा रहेका सशस्त्र प्रहरीले रोक्न सफल भएको पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिए । हल्का विषसमेत सेवन गरिसकेका साहलाई उपचारका लागि नारायणी अस्पतालमा उपचार गराइएको थियो । मिटरब्याजीबाट आफू पीडित रहेको र प्रहरीबाट न्याय नपाएकोले आत्मदाहको प्रयास गरेको साहको गुनासो रहेको बताइन्छ । घटनास्थलबाट साह आँफैले लेखेको पत्रमा एक लाख ५० हजार रुपैयाँ ऋण लिएर ६ लाख मूल्य बराबरको जग्गा पास गरे पनि जग्गाको पैसा तिर्न खोज्दा साहुले जग्गा फिर्ता गर्न आनाकानी गरिरहेको उल्लेख छ ।

साहले दिएको मिटर व्याजी निवेदनबारे प्रहरी कार्यालयमा मिलापत्रका लागि छलफल भइरहेको अवस्था रहेको पर्सा प्रहरीको भनाइ छ । सोमबारको घटनाबारे थप अनुसन्धानका लागि आफूले पर्सा प्रहरी प्रमुखलाई निर्देशन दिइसकेको प्रमुख जिल्ला अधिकारी अर्यालले बताए ।

साहले आत्मदाहको प्रयास गरिरहेका समयमा जिल्ला प्रशासन कार्यालय पर्सामा जिलाका सुरक्षा निकायका प्रमुखहरुको बैठक बसिरहेको थियो ।

# प्रदेश सरकारले एसईई परीक्षाको अनुगमन गर्ने



**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी चैत ७ गतेदेखि शुरु हुन लागेको एसईई परीक्षालाई व्यवस्थित गर्न मधेश प्रदेश सरकारले पहल शुरु गरेको छ । परीक्षालाई व्यवस्थित एवम मर्यादित बनाउन मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले ८ वटै जिल्लाका प्रमुख अधिकारीलगायत सरोकारवाला निकायलाई विभिन्न सल्लाह, सुझाव का साथै निर्देशनसमेत दिएका छन् ।

जनकपुरधाममा सोमबार आयोजित माध्यमिक शिक्षा (एसईई) २०८१ संचालन तथा व्यवस्थापन सम्बन्धमा प्रदेश स्तरीय १ दिने अभिमुखिकरण कार्यक्रममा मुख्यमन्त्री सिंहले यसपटकको परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सम्पूर्ण सरोकारवाला निकाय, सुरक्षा निकाय, विद्यार्थी र अभिभावकहरुलाई आग्रह गरेका छन् । उनले सुरक्षाको दृष्टिकोनले परीक्षा केन्द्रको मुल गेटमै सीसीटिभी क्यामेरा जडान गर्न प्रमुख जिल्लाअधिकारी र केन्द्राध्यक्षहरुलाई सुझाव दिए ।

कुनै विद्यार्थीले चोरी गरेको फेला परेको खण्डमा कक्षाकोठामा उपस्थित गार्डलाई कारबाही गर्न र कोही विद्यार्थीले मोबाइल परीक्षा केन्द्रमा लगेमा सो मोबाइल जफत गरी फिर्ता नदिइनेलगायतका नियम लागू गर्न मुख्यमन्त्री सिंहले सुझाव दिए ।

उनले प्रदेशमा सबैभन्दा राम्रो व्यवस्थापन र मर्यादित परीक्षा सञ्चालन गर्ने केन्द्राध्यक्षलाई प्रदेश सरकारले पुरस्कृत गर्ने घोषण गरे । त्यसका लागि प्रदेश सरकारले विशेष टोली बनाई परीक्षा केन्द्रहरुको अनुगमन गर्ने जानकारी दिए ।

सो कार्यक्रममा मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी कुमारी तिवारीले विद्यार्थीहरुले परीक्षामा बढी अंक ल्याउनुभन्दा बुझेर पढ्न आवश्यक रहेकोमा जोड दिइन् । उनले विद्यार्थीहरुले चोरी गरेर बढी अंक प्राप्त गरेर आगामी दिनमा आफूलाई नै अझ बढि समस्यामा पार्ने बताइन् ।

सो कार्यक्रममा शिक्षा विकास निर्देशनालय, मधेश प्रदेशले दिएको जानकारी अनुसार यस वर्ष मधेश प्रदेशमा ८८,८५८ जना विद्यार्थी एसईई परीक्षामा सहभागी हुनेछन् ।

# आगलागी हुँदा क्षति

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा आगलागी हुँदा लाखौँको क्षति भएको छ । जिल्लामा दुई दिनमै आगलागीको दुई वटा घटनामा लाखौँको धनमाल जलेर नष्ट भएको छ ।

तिलाठी कोइलाडी गाउँपालिका वडा नम्बर ३ स्थित सकरपुरामा आइतबार राति भएको आगलागीले चार घर जलेर नष्ट भएको छ । स्थानीय नयनी यादवको घर नजिकै बालिएको घुरबाट सल्केको आगो फैलिएर नयनीको दुई घरका साथै छिमेकी गोकर्ण मुखिया र लखन मुखियाको घर पनि खरानीमा परिणत भएको थियो ।

आगलागीबाट ३३ लाख ७० हजार रुपैयाँ मूल्य बराबरको धनमाल, लत्ताकपडा, अन्नपात, सुनचाँदीसहित जलेर खरानी भएको छ भने ६ चौपाया समेत जलेर मरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सप्तरी प्रहरीले दिएको जानकारी अनुसार आगलागीमा नयनी यादवको टिनको छानो भएको २ घर, लत्ताकपडा, भाडाकुडा, खाद्यान्न र २ वटा बाख्रा र सुनचाँदीका गरगहना गरी ११ लाख ३३ हजार बराबरको धनमाल जलेर नष्ट भएको छ ।

गोकर्ण मुखियाको घरका साथै नगद २ लाख ३५ हजार, सुनचाँदीका गरगहना, लत्ताकपडा, भाडाकुडा र २ वटा बाख्रा जलेर नष्ट हुँदा २० लाख ३५ हजार बराबरको धनमाल जलेर खरानी भएको छ भने लखन मुखियाको घर, लत्ताकपडा, भाडाकुडा, फर्निचर र २ वटा बाख्रा जलेर नष्ट भई २ लाख २ हजार



मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले बताए ।

त्यस्तै शनिबार राति सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नम्बर ७ का वडाध्यक्ष शत्रुघन मण्डलको घरमा आगलागी हुँदा आठ लाख ७८ हजार बराबरको धनमाल जलेर नष्ट हुनुका साथै भैंसी १ थान, पाडी १ थान, बाख्रा ७ थान, खसी २ थान र जस्ताले छाएको फुसको सुत्ने घर र गोठ घर सहित पूर्णरूपमा जलि नष्ट भएको थियो ।

# जनशक्ति पलायनले गर्दा कृषिलाई यान्त्रिकीकरणमा बनाउनु पर्ने सुझाव




**टुडे समाचारदाता**

वीरगञ्ज । कृषिलाई क्षेत्रमा औद्योगीक क्रान्ति ल्याउनका लागि यान्त्रिकीकरणमा तीन वटै सरकारले जोड दिनुपर्ने सरोकारवालाहरुले जोड दिएका छन् । कृषि औजार अनुसन्धान केन्द्रले अयोजना गरेको हिउँदे वाली प्रविधिहरुको एक दिवसीय अवलोकन तथा मूल्यांकन भ्रमणका सहभागीहरुले यान्त्रिकीकरण गर्नुपर्ने बताए ।

जनशक्तिको पलायनले गर्दा कृषिलाई औद्योगीकरण बनाउनु परम्परागत खेतीभन्दा प्रविधिमा आधारित खेती कम लगानीमा बढी आम्दानी हुने भएकोले यस तर्फ तिनै तहका सरकारहरुले यान्त्रिकीकरणमा जोड दिनपर्ने कार्यक्रममा सहभागी कृषि विज्ञहरु बताउँछन् ।

वारावरणीय परिवर्तन र नेपालको बर्तमान परिवेसमा कृषि कर्ममा यान्त्रिकरणको अपरिहार्यता बढ्दै गएको उनीहरुको भनाइ थियो ।

बारा जिल्लाको फेटा गाउपालिका त्रिवेणीका किसानले कृषियन्त्र 'पोट्याटो प्लान्टर'बाट लगाएको आलुवालीलाई सोमबार पोट्याटो ड्रिगर मेशिनबाट घर भित्र् याउने प्रविधिको स्थलगत प्रदर्शन अवलोकन गरिएको थियो ।

कृषक अगुवा किसान पारस ठाकुरले तीनवर्ष देखि प्रविधिबाटै आलु रोप्ने र उखेल्ने गरेको बताउँदै परम्परागत खेतीबाट कम लगानिमा बढी आम्दानी हुने गरको बताए ।

गाउँपालिकाको ५० प्रतिशतको अनुदानमा आफूले ४ लाखमा पोट्याटो प्लान्टर मेशिन खरिद गरेको बताए । जसले गर्दा यस भेगका किसानलाई आलु रोप्ने सिजनमा आकर्षित भएकोले आलु रोपेरै १५ दिनमा २ लाख ५० हजार रुपैयाँ आम्दानी गर्न सफल भएको ठाकुरको भनाइ थियो ।

पर्साको पर्सागढी नगरपालिका-३ का किसान युवराज थापाले ३ वर्ष यता सून्य जोताई प्रविधिबाट नै उत्कृष्ट गहुवाली रोप्दै आएको बताए । उनले यो प्रविधिले गर्दा लागत पनि कम र उत्पादन गहु परम्परागत खेतीभन्दा डेढ गुना भइरहेको बताए ।

पर्सा जगरनाथपुर गाउपालिका-३ का अगुवा किसान अभय यादवले ३ वर्षदेखि सर्फेस मल्चर सिडर प्रविधि अर्थात सून्य जोताइबाट नै गहुँ खेती गरेको बताउँदै यसतर्फ टोलवासीहरु पनि अकर्षित हुन थालेको बताए ।

कृषि अनुसन्धान निर्देशनालय मधेश प्रादेशिक कार्यालय परवानीपुरका प्रमुख डा. बीपी यादवले भविष्यमा कृषि मजदुरको थप अभाव हुँदै जाने भएकाले कृषिमा यान्त्रिकीकरणको विकल्प नरहेको दाबी गरे ।

सो कार्यक्रममा कृषि यान्त्रिकीकरण प्रविधि केन्द्र नक्टाझिझका प्रमुख इन्जिनियर सरोज अधिकारीले यान्त्रिकीकरणमा जोड दिँदै नयाँ प्रविधिको विकासमा मुलुकमा कृषि क्रान्ति आउने बताए । उहाँले हरेक किसानलाई आउने समयमा अभ्यस्त हुनु पर्ने बाध्यता समेत रहेको दाबी गरे । कृषि औजार अनुसन्धान केन्द्र रानीघाट वीरगन्जका प्रमुख इन्जिनियर सचीन कुमार मिश्राले पछिल्लो केही वर्ष यता केन्द्रले नयाँ प्रविधिको विकास र स्तरोन्नति गरी किसान समक्ष नयाँ नयाँ प्राविधिहरुको पहुँच पुर्‍याउने कार्यक्रमहरु ल्याइरहेको बताउँदै परिवर्तित जलवायु र मजदुर अभावको समस्या झनै विकराल रुपमा देखा पर्ने भएकोले कृषिमा यान्त्रिकीकरणको विकल्प नभएको ठोकुवा गरे ।

# सडक ठेक्का तोड्न पत्र काटियो



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको पूर्व-पश्चिम हुलाकी सडकको निर्माण कार्य अलपत्र छाडेर निर्माण व्यावसायी (ठेकेदार) सम्पर्कविहीन हुँदा सडक ठेक्का तोड्न पत्र काटिएको छ ।

जिल्लाको मलंगवाको मुख्य बजार क्षेत्रमा कालोपत्रे गर्न र मलंगबारदेखि पूर्व पर्सा गाउँपालिकास्थित संग्रामपुरसम्म अन्तिम चरणको कालोपत्रे गर्न बाँकी नै रहँदा ठेकेदार सम्पर्कविहीन बनेपछि हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरले ठेकेदारलाई पत्र काटेको जनाइएको छ ।

कार्यालयले निर्माण व्यावसायी हिम्डुंग एन्ड ठोकर/हिरा एन्ड नमिता जेभीलाई सम्झौता अनुसार काम गर्न छाडेर सम्पर्कविहीन भएपछि ठेक्का किन नतोड्ने भन्दै पहिलो पटक पत्र काटेको छ ।

फागुन २१ गते पत्र काटेर सडक निर्माण अलपत्र छाड्नुको कारणसहित तीन दिनभित्र सम्पर्कमा आउन भनिए पनि निर्माण व्यावसायी सम्पर्कमै नआएका हुलाकी राजमार्ग योजना कार्यालय जनकपुरका सूचना अधिकारी रन्जित यादवले जनाए ।

यादवले जनाएअनुसार पूर्व पश्चिम हुलाकी राजमार्गअन्तर्गत हिम्डुंग एण्ड ठोकर/हिरा एन्ड नमिता जेभीले ठेक्का सकार गरेको १५ किलोमिटर सडकमध्ये सदरमुकाम मलङ्गवामा डेढ किलोमिटर कालोपत्रे नभएर धुलाम्मे अवस्थामा रहेको छ भने मलंगवादेखि पूर्वतर्फ संग्रामपुर स्थित बाँके खोलासम्मको बाँकी सडकमा अन्तिम चरणको कालोपत्रे गर्न बाँकी छ ।

ठेकेदारलाई सम्पर्कमा आउन यसैगरी तीन पटकसम्म पत्र काटिने र त्यति गर्दा पनि सम्पर्कमा नआए ठेक्का नै रद्द गरेर नयाँ ठेक्का आह्वान गरिने हुलाकी राजमार्ग योजना कार्यालय जनकपुरले जनाएको छ ।

मलंगवामा हुलाकी सडक कालोपत्रे नहुँदा धुलोले सास्ती दिएको भन्दै स्थानीय युवाले बारम्बार आन्दोलन गर्दै आइरहेका छन् । म्लंगवा नगरपालिका-८ का स्थानीय शिवचन्द्र चौधरीले सडकमा कुहिरीमण्डल भएर धुलो उड्दा हिँड्डुल गर्न तथा घरमा बस्न समेत समस्या रहेको बताए ।

हुलाकी सडक निर्माणका लागि २०७३ असार ३१ गते भएको सम्झौता बमोजिम निर्माण कार्यको प्रगति सन्तोषजनक नदेखिएको र पटक-पटक साइट अनुगमनको क्रममा निर्माण व्यावसायीका कोही प्रतिनिधि नभेटिएका हुलाकी राजमार्ग योजना कार्यालय जनकपुरका योजना प्रमुख इन्जिनियर कृष्णकुमार महतोले बताए ।

कार्यालयबाट पटक-पटक मौखिक तथा एक वर्षअघि गत फागुन २९ गते पत्रमार्फत ताकेता गरे पनि हालसम्म साइटमा निर्माण कार्य नभएको इन्जिनियर महतोले बताए ।




# "नागरिकको विश्वासको भरोसाको केन्द्र नेपाल प्रहरी"

**सञ्जय मिश्रा**

रौतहट । नेपाल प्रहरीका संगठन प्रमुख आईजिपी बसन्त बहादुर कुँवरले नेपाली नागरिकको शान्ति सुरक्षासंग प्रत्यक्ष जोडिएको नेपाल प्रहरी संगठन जनताको विश्वास र आशा भरोसाको केन्द्र रहेको बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटको नवनिर्मित भवनको उद्घाटन कार्यक्रममा आईजिपी कुँवरले जनताको विश्वास र आशा भरोसाको केन्द्र रहेको बताए ।

जिल्ला प्रहरी कार्यालय परिसरमा सोमबार आयोजित एक विशेष कार्यक्रमबीच आईजिपी कुँवरले भवनको उद्घाटन कार्यक्रममा नेपाल प्रहरीको संगठन स्थापनाकाल देखि नै अपराध अनुसन्धानसंगै शान्ति सुव्यवस्था कायम गर्न, मानव अधिकारको रक्षा तथा विपदमा उद्धारका लागि अग्रपङ्क्तिमा रहेर जनताको भरोसाको केन्द्र बनेको बताएका थिए ।

जिल्ला प्रहरी कार्यालय रौतहटको सुविधा सम्पन्न भवन निर्माणले जिल्ला प्रहरी कार्यालय तथा मातहतका युनितहरुको थप जिम्मेवारी संगै सबैमा ऊर्जा थपिएको उनले बताए ।

नयाँ भावनाबाट प्रहरी मात्र नभई सेवाग्राही समेत लाभान्वित हुनेछन् ।

देशको कुल २६६० प्रहरी कार्यालय मध्ये १८६९ को मात्र आफ्नो भवन रहेको छ । ३७० प्रहरी कार्यालय भाडाको घरमा सञ्चालन गरिएको छ भने ४२१ कार्यालय अन्य निकायको भवनमा सञ्चालन गरिएको आईजीपी कुँअरले जानकारी गराएका थिए ।

त्यसैगरी मधेश प्रदेशमा रहेको ३९५ प्रहरी कार्यालय मध्ये २९५ को आफ्नो भवन १०० पुरानो तथा जीर्ण भवनमा सञ्चालन गरिएको छ । रौतहट जिल्लाको हकमा ४६ प्रहरी कार्यालय रहेकोमा ४२ को भवन छ । जसमध्ये ३० वटाको आफ्नो जग्गा छैन । यसमा प्रदेश सरकार, स्थानीय निकाय र नागरिकको ध्यान जानु जरुरी रहेको छ । कम साधन स्रोतको बावजूद यस्तो अवस्थामा पनि रौतहट प्रहरीले धार्मिक सांस्कृतिक पर्व तथा कार्यक्रममा दुई समुदाय बीचको वर्षौंदेखिको बिवाद समाधानदेखि जघन्य अपराधको सफल अनुसन्धान, महिला तथा बालबालिकाको सुरक्षा लगायत गरेको सेवा प्रदान अतिनै सन्तोषजनक रहेको भन्दै आईजीपी कुँवरले सराहना गरेका थिए ।



एद्घाटन कार्यक्रममा मधेश प्रदेश प्रहरी कार्यालय प्रमुख डिआईजी लालमणि आचार्य, गौर नगरपालिकाका मेयर शम्भु साह, रौतहटका सिडियो बिनोद कुमार खड्का, लगायतले शुभकामना मन्तव्य राखेका थिए। जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेले स्वागत गरेका थिए ।

नवनिर्मित भवन मात्र नभइ शान्ति सुरक्षा दिने प्रतीक भएको र नयाँ ऊर्जा, प्रदान गरेको बताएका थिए । उनले प्रवृदि मैत्री, सुन्य सहनशीलता, तस्करी नियन्त्रणमा कठोर भएर काम गर्दै जाँदा ५५ हाल विगतको तुलनामा प्रतिशत अपराधमा कमी आएको स्पष्ट पारेका थिए ।

मधेश प्रहरी कार्यालयका इन्जिनियर तथा एसपी इश्वर खड्काले भवन निर्माणको प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रहरी प्रधान कार्यालयको कुल १७ करोड, ६४ लाख २७ हजार ६२८ रुपैयाँको लागतमा दुई चरणमा जिल्ला प्रहरी कार्यालयको भवन निर्माण भएको बताए ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८